नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रतिवेदन २०७८



२०७८ फाल्गुण

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

माननीय मन्त्रीः श्री पम्फा भुसाल

सचिव (ऊर्जा): श्री देवेन्द्र कार्की

सचिव (जलस्रोत तथा सिंचाइ): श्री सागर कुमार राई

जल तथा मौसम विज्ञान विभाग

महानिर्देशक: कमल राम जोशी

उपमहानिर्देशक (हावापानी विज्ञान महाशाखा र मौसम पूर्वानुमान महाशाखा):डा. अर्चना श्रेष्ठ

उपमहानिर्देशक (जलविज्ञान महाशाखा र बाढी पूर्वानुमान महाशाखा): डा. राजन भट्टराई

बाढी पूर्वानुमान तथा पूर्वसुचना सेवामा प्रत्यक्ष संलग्न कर्मचारीहरू

बाढी पूर्वानुमान शाखा प्रमुखः सि. डि. हा. विक्रम श्रेष्ठ जुवा

जलविज्ञान मोडेलिङ्ग शाखा प्रमुखः सि. डि. हा. राम प्रसाद अवस्थी

हा. ई. रुद्र बहादुर परियार

हा. ई. निराकार थापा

हा. ई. राम कुमार कापैर

हा. ई. सृष्टि महर्जन

हा. ई. मौसम भण्डारी

हा. ई. संजय साह

हा. ई. निराजन वली

मेटेरियोलोजिष्ट निरज शंकर प्रधानाङ्ग

ज. वि. स. प्रमिला तुलाधर

ज. वि. स. सचित कर्माचार्य

ज. वि. स. मनोज बुढाथोकी

ना. ज. वि. स. दुर्गा घिमिरे

ना. ज. वि. स. प्रभाकर यादव

ह. स. चा. इन्द्र थापा

का. स. सुनिता चौधरी

सर्वाधिकार

यस प्रतिवेदनको सर्वाधिकार जल तथा मौसम विज्ञान विभाग सँग रहेको छ। यस प्रतिवेदन वा यसको केही अंश समेतलाई विभागको लिखित पूर्वसहमति बिना कसैले पनि विद्युतीय वा अन्य माध्यमहरूबाट पुनः प्रकाशन गर्न पाइने छैन। खोज, अनुसन्धान तथा अन्य गैर व्यापारिक प्रायोजनको लागी प्रकाशकलाई श्रेय दिएर प्रयोग गर्न भने रोक लाग्ने छैन।

Citation: Bhandari M., Maharjan S., Zoowa B. S., Bhattarai R., Joshi K. R., 2022, Flood Forecasting and Early Warning Report 2078, Issue No. 01, Department of Hydrology and Meteorology, Government of Nepal

कृतज्ञता

जल तथा मौसम जन्य विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विभागबाट बिगतका वर्षहरूमा झै यस वर्ष पनि स्वीकृत मनसुन आपतकालिन कार्य योजना २०७८ बमोजिम मनसुनको आगमन सँगै २४ घण्टे बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा शुरु गरिएको थियो।

विश्वव्यापि रुपमा फैलिएको कोभिड महामारी र यसका कारण भएको बन्दाबन्दिको समयमा पनि महामारीको बिषम परिस्थिति तथा यस सेवाको संवेदनशीलतालाई मध्यनजर गरि यस सेवालाई वि. स. २०७८ जेठ २८ देखि असोज २५ सम्म संचालनमा ल्याइएको थियो। यस कार्यमा संलग्न भई अग्रपङ्तिमा खटिने कर्मचारीहरुको स्वास्थ जोखिमलाई ध्यान दिँदै सेवा सम्बन्धि प्राविधिक विश्लेषण, सामुहिक निर्णय, ब्रिफिङ तथा सूचना संप्रेषण सहितका सेवा चौबिसै घण्टा संचालन गर्दा विभिन्न वैकल्पिक माध्यम र प्रविधिहरूको प्रयोग गरिएको थियो। साथै मनसुनको बहिर्गमन पश्चात पनि असोज ३१ देखि कार्तिक ३ सम्मको अवधिभर विषम मौसम प्रणालीका कारण उत्पन्न विशेष अवस्थामा पुनः २४ घण्टे सेवा संचालन गरिएको थियो।

बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालनमा प्रत्यक्ष रुपमा बाढी पूर्वानुमान महाशाखा र मौसम पूर्वानुमान महाशाखाको समन्वय तथा सहकार्य रह्यो। यस सेवाको लागि जल विज्ञान महाशाखा र हावापानी विज्ञान महाशाखाको समेत निरन्तर सहयोग रह्यो। विभाग मातहतका जल तथा मौसम विज्ञान कार्यालयहरू, बेसिन फिल्ड कार्यालयहरू तथा केन्द्रहरूको भुमिका प्रशंसनीय रह्यो। बाढीको समयमा अहोरात्र खटिनुहुने गेज रिडर तथा मौसम अवलोकनकर्ताहरूको निरन्तर सम्पर्क तथा समन्वयले यो सेवाको प्रभावकारीता बढाउन महत्वपूर्ण योगदान रह्यो। विभागले संचालनमा ल्याएका विभिन्न स्वचालित जल तथा मौसम मापन केन्द्रहरूको निरन्तर संचालनमा अथक रुपमा प्राविधिक सहयोग पुऱ्याउने सेवा प्रदायकहरूको योगदान समेत सह्रानीय रह्यो।

बाढी पूर्वानुमान शाखाबाट बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवामा प्रत्यक्ष रुपमा संलग्न हुने शाखा प्रमुख सि. डि. हा. विक्रम श्रेष्ठ जुवा, जलविज्ञान मोडेलिङ्ग शाखा प्रमुख सि. डि. हा. राम प्रसाद अवस्थी, हा. ई. रुद्र बहादुर परियार, हा. ई. निराकार थापा, हा. ई. राम कुमार कापैर, हा. ई. सृष्टि महर्जन, हा. ई. मौसम भण्डारी, हा. ई. संजय साह, हा. ई. निराजन वली, मेटेरियोलोजिष्ट निरज शंकर प्रधानाङ्ग, ज. वि. स. प्रमिला तुलाधर, ज. वि. स. सचित

कर्माचार्य, ज. वि. स. मनोज बुढाथोकी, ना. ज. वि. स. दुर्गा घिमिरे र ना. ज. वि. स. प्रभाकर यादव विशेष धन्यवादका पात्र हुनुहुन्छ। त्यसैगरि हावापानी विश्लेषण शाखा प्रमुख सि. डि. मे. इन्दिरा कडेल, मौसम पूर्वानुमान महाशाखाका सि. डि. मे. राजु प्रधानाङ्ग, मेटेरियोलोजिष्ट सुदर्शन हुमागाँई लगायतका कर्मचारीहरुको प्राविधिक सहयोगले यो प्रतिवेदन तयार गर्न मद्दत पुगेको छ। साथै यस सेवा संचालनमा खटिनु हुने ह. स. चा. इन्द्र थापा र का. स. सुनिता चौधरी लगायत यस सेवामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न हुनुहुने सम्पूर्ण कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ। समुदाय स्तरमा पूर्वसूचना पुऱ्याउन निशुल्क एस्. एम्. एस्. को लागि समझदारी तथा सहयोग गर्ने नेपाल टेलिकम र एन्. सेल, अन्य सरकारी तथा गैरसरकारी संघ संस्था, टेलिभिजन, रेडियो, एफ्. एम्., पत्रपत्रिका, सामाजिक संजाल लगायतका सम्पूर्ण संचार माध्यमहरू र सरोकारवालाहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौ।

उपलब्ध स्रोत र साधनको अधिकतम् प्रयोग गरि विभागले संचालनमा ल्याएको यस सेवाले प्रत्यक्ष रुपमा जल तथा मौसमजन्य विपद् जोखिम न्यूनीकरणमा टेवा पुऱ्याएको छ। यस बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा, बाढीजन्य क्षतिलाई न्युनीकरण गर्न एक प्रभावकारी र लागत प्रभावी विधि रहेकोले आगामी वर्षहरूमा यस सेवालाई थप प्रभावकारी बनाउँदै देशैभर व्यापक जनमानससम्म पुऱ्याउन अनवरत रुपमा लागिरहने प्रतिवद्दता समेत व्यक्त गर्दछौं।

.....
डा. राजन भट्टराई
उपमहानिर्देशक

.....
कमल राम जोशी
महानिर्देशक

बिषयसूची

सर्वाधिकार.....ii

कृतज्ञता.....iii

चित्रहरूको सूची.....vi

तस्बिरहरूको सूची.....vi

तालिकाहरूको सूची.....vii

१ परिचय.....१

२ नेपालमा मनसुनको आगमन तथा बहिर्गमन.....३

३ बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा प्रणाली.....३

४ प्रि-मनसुन प्रणालीहरू.....७

५ मनसुन अवधिका विशेष बाढी घटनाहरू.....८

६ विशेष बाढी अलर्ट तथा बाढी बुलेटिनहरूको समिक्षा.....२१

७ अन्य बाढी घटनाहरू र सोको दैनिक पूर्वानुमान विश्लेषण.....३२

८ प्रमुख नदीहरूको उच्चतम जलसतहको विवरण.....३८

९ पोष्ट-मनसुन बाढी घटनाहरू.....४१

१० बाढी पूर्वानुमान तथा सूचना प्रवाह सम्प्रेषण विश्लेषण.....४५

११ निश्कर्ष.....४६

अनुसूची कः मनसुन आपतकालिन कार्य योजना.....४९

अनुसूची खः बाढी बुलेटिनहरू.....५२

अनुसूची गः बाढी पूर्वानुमान निर्णयको लागी प्रयोग गरिने प्रारूप तथा विधिहरू.....१७८

अनुसूची घः बाढी एस्. एम्. एस्. अलर्टका विवरणहरू.....१७९

चित्रहरूको सूची

चित्र ३-१ : बाढी एस्. एम्. एस्. अलर्ट पठाइने क्षेत्रहरू ६
चित्र ३-२ : बाढी पूर्वानुमान तथा पूर्वसूचना संप्रेषण संजाल..... ७
चित्र ५-१ : जेठ ३१ बिहान ८:४५ देखि असार ०२ बिहान ८:४५ सम्मको कुल वर्षा ९
चित्र ५-२ : जेठ ३१ देखि असार २ सम्मको भोटेकोशी खोला स्याफ्रुबेंसी, मेलम्ची खोला नाकोटे, बलेफी खोला जलवीरे र लाङटाङ खोला स्याफ्रुबेंसी जलमापन केन्द्रको जलसतहको अवस्था १०
चित्र ५-३ : जेठ ३१ देखि असार २ सम्मको नारायणी नदी देवघाट जलमापन केन्द्रको जलसतहको अवस्था.....११
चित्र ५-४ : असार १४ बिहान ८:४५ देखि असार २० बिहान ८:४५ सम्मको कुल वर्षा १४
चित्र ५-५ : असार १४ देखि असार २० सम्मको बागमती नदी पधेरादोभान र पूर्वी रापी नदी रजैया जलमापन केन्द्रको जलसतहको अवस्था.....१५
चित्र ५-६ : भदौ १० बिहान ८:४५ देखि भदौ १४ बिहान ८:४५ सम्मको कुल वर्षा१९
चित्र ५-७ : भदौ १० देखि भदौ १५ सम्म देशका प्रमुख नदीहरूको जलसतहको अवस्था २०
चित्र ९-१ : असोज ३१ बिहान ८:४५ देखि कार्तिक ०३ बिहान ८:४५ सम्मको कुल वर्षा ४३
चित्र १०-१ : "नेपाल बाढी सूचना" सामाजिक संजालमा सर्वसाधारणको पहुँच र बाढी एस्. एम्. एस्. अलर्ट संप्रेषण गरिएको संख्यात्मक विवरण..... ४६

तस्बिरहरूको सूची

तस्बिर ५-१ : मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको लुप्रा खोलामा आएको लेदो सहितको बाढी। ११
तस्बिर ५-२ : मनाङको तिमाङखोलामा आएको बाढीले बगाउनु अघिको तिमाङखोलाको बेलिब्रिज। १२
तस्बिर ५-३ : बाढीपछिको मेलम्ची बजार.....१२
तस्बिर ५-४ : सिन्धुपाल्चोकको मेलम्ची खोलाको शिर भेमाथाङ्गको पहिरो.....१३
तस्बिर ५-५ : मेलम्ची बाढीमा फसेकाहरूको हेलिकप्टरबाट उद्दार हुँदै। १३

तस्बिर ५-६ : लमजुङको दोर्दीखोलाको बाढी। १४
तस्बिर ५-७ : हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको निर्माणाधीन पुल भासिएको। १६
तस्बिर ५-८ : बाढीले जलमग्न चितवन खैरहनीको गाउँ। १६
तस्बिर ५-९ : तनहुँको म्याग्दे गाउँपालिका–६ स्थित तुरतुरेमा डुबानमा परेका खेतहरू। १७
तस्बिर ५-१० : पूर्वी चितवनको लदरी खोलाले धुसरी पुल बगाएको । १७
तस्बिर ५-११: सिर्सिया नदीको बाढीले वीरगञ्ज महानगरपालिकाका विभिन्न बस्तीहरू डुबानमा। १८
तस्बिर ५-१२ : नवलपरासी र रूपन्देहीका अधिकांश स्थानहरू डुबानमा। २०
तस्बिर ५-१३ : पूर्वपश्चिम राजमार्गअन्तर्गत रूपन्देहीको देवदहमा रहेको घोडाहा खोलाको पक्की पुल भासिएको। २१
तस्बिर ९-१ : महाकाली नदीमा आएको बाढीले डुबानमा परेको धानबाली। ४३
तस्बिर ९-२ : महाकाली नदीमा आएको बाढी र कटान भएको सडक। ४४
तस्बिर ९-३ : तिला गाउँपालिका जुम्लाको सापुल्लीमा क्षेत्रको धानफाँटमा बाढी ४४
तस्बिर ९-४ : डुबानमा परेको इनरुवा सबस्टेसन, सुनसरी। ४५

तालिकाहरूको सूची

तालिका ७-१ : दैनिक बाढी पूर्वानुमान विश्लेषण.....३८
तालिका ८-१ : प्रमुख नदीहरूको यस वर्षको उच्चतम जलसतहको विवरण..... ४०
तालिका ८-२ : प्रमुख नदीहरूको यस वर्ष र हालसम्मकै उच्चतम बहावहरूको विवरण ४०
तालिका १०-१ : बाढी एस्. एम्. एस्. अलर्टको संख्यात्मक विवरण..... ४५

१ परिचय

नेपालमा हरेक वर्ष मनसुनको समयमा हुने वर्षाका कारण बाढीजन्य विपद् देखिँदै आएको तथा त्यसबाट विशेषगरि तराई-मधेशका होचा भूभागहरूमा हुने डुबान र नदी कटानका कारण वर्षेनी ठुलो जनधनको क्षति हुने गरेको छ। यसको न्युनीकरणको लागि बाढी पूर्वानुमान र पूर्वसूचना सेवाको आवश्यकतालाई हृदयगम गरि विभागले विश्व मौसम संगठनको सहयोगमा वि. सं. २०४० साल देखि नै बाढी सम्बन्धी अध्ययन कार्यहरूको थालनी गरेको थियो। वि. सं. २०४४ साल देखि नेपाल - भारत बिच समझदारी भइ बाढी सूचना आदान-प्रदान कार्यहरूको थालनी भएको थियो। वि. सं. २०५० सालमा बाढी भविष्यवाणी शाखा स्थापना भई बाढी भविष्यवाणीको कार्यहरू गर्दै आएकोमा वि. सं. २०७२ सालबाट समुदायमा आधारित बाढी पूर्वसूचना सेवाको शुरुवात गरिएको थियो। वि. सं. २०७५ सालमा बाढी पूर्वानुमान महाशाखाको स्थापना गरि यस कार्यलाई अझ भरपर्दो, विश्वसनीय र प्रभावकारी बनाउदै लगिएको छ।

जल तथा मौसमजन्य विपद्का घटनाहरूबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सेन्डाई कार्यढाँचा तथा दिर्घकालिन विकास परिलक्ष्य (सन् २०१५-२०३०) लाई समेत टेवा पुग्ने तवरले वि.स. २०७३ सालदेखि हरेक वर्ष मनसुन अवधिको लागि केन्द्रित भएर विभागले मनसुन आपतकालीन कार्ययोजना तय गरि सोही अनुरूप कृयाकलापहरू गर्ने व्यवस्था शुरु गरेको थियो। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) को परिलक्ष्यलाई समेत दृष्टिगत गरि वि. सं. २०७८ वैशाख महिनामा मनसुन आपतकालीन कार्ययोजना स्वीकृत गरि यस वर्षपनि बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालन गरिएको थियो।

विभागले प्रि मनसुन, मनसुन र पोष्ट मनसुन अवधिमा संचालनमा ल्याएको बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवाको समग्र गतिविधि, प्रकृयाको जानकारी, सेवाको विश्लेषण तथा मूल्यांकनको अभिलेखिकरण गरि आगामी दिनहरूमा यस सेवालाई थप प्रभावकारी बनाउने उद्देश्य राखी प्रथम पटक **"बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रतिवेदन २०७८"** तयार गरिएको छ।

यस वर्ष नेपालमा मनसुन जेठ २८ गते देशको पूर्वी भूभागबाट आगमन भएको र असोज २५ गते नेपालबाट बहिर्गमन भएको थियो । निर्धारित कार्ययोजना अनुसार विभागले मनसुन भित्रने शुरुवाती चरणदेखि नै उपलब्ध स्रोत र साधनको उपयोग गरि २४ घण्टे बाढी

पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालनमा ल्याएको थियो। क्षेत्रिय स्तरको South Asian Seasonal Climate Outlook Forum (SASCOF) प्रतिवेदन, मौसम पूर्वानुमान तथा विश्वव्यापी मौसम र बाढी सम्बन्धी प्रारूपहरूका अनुसार, यस वर्ष नेपालमा सरदर भन्दा बढी वर्षा हुने प्रक्षेपणलाई मध्यनजर राखी मनसुन शुरु हुन पूर्व देखि नै बाढी पूर्वानुमान कार्यको लागि आवश्यक जल तथा मौसम पूर्वानुमान प्रारूपहरूको अध्ययन अवलोकन कार्यहरू शुरु गरिएको थियो।

यो वर्ष मनसुन प्रणाली भित्रिने शुरुवाती क्रममा नै देशव्यापी रुपमा वर्षा तथा बाढी, डुबान लगायतका जल तथा मौसमजन्य विपद्का घटनाहरू घट्न गए। मनसुन अवधिमा मात्र नभई यो वर्ष प्रि-मनसुन र पोष्ट मनसुनमा समेत जल तथा मौसमजन्य घटनाहरू भएको पाइयो । मनसुन शुरु हुनु अगावै देखिएको Tauk Tae र Yaas नामक चक्रवातीय प्रणालीहरू यसका उदाहरण हुन। त्यसैगरि मनसुनको बहिर्गमन पश्चात पनि पश्चिमी वायु प्रणाली र बङ्गालको खाडीमा देखिएको न्यून चापीय प्रणालीको संयुक्त प्रभावबाट विशेषगरि नेपालको सुदूरपश्चिम, कर्णाली र प्रदेश १ मा बाढीजन्य घटनाहरू देखिए।

मनसुनको अवधिमा भएका बाढिजन्य घटनाहरूको विश्लेषण गर्दा यस वर्ष विशेषगरि ३ वटा मुख्य मौसम प्रणालीको प्रभाव देशव्यापी रुपमा भएको पाइयो। २०७८ जेठ २९ देखि असार २ सम्म पहिलो प्रणाली, असार १४ देखि असार २० सम्म दोस्रो प्रणाली र भदौ १० देखि भदौ १५ सम्म तेस्रो प्रणालीका कारण अधिक वर्षा भई बाढीको घटनाले व्यापक रूप लिएको पाइयो।

विगतका वर्षहरूमा झै विभागले यो वर्ष पनि प्रमुख नदीहरू कोशी, कर्णाली, नारायणी र महाकाली तथा यिनका सहायक नदीहरूमा तथा महाभारत पर्वत शृङ्खलाबाट उत्पन्न हुने कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाऊ, पश्चिम राप्ती र बबई गरि ११ वटा नदी बेसिनहरूका बाढी प्रभावित क्षेत्रहरूलाई केन्द्रमा राखेर जनधनको क्षति न्यूनीकरणको उद्देश्य राखी समुदायमा आधारित पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालनमा ल्याइएको थियो। यसका साथै पहाडी क्षेत्र तथा चुरे - तराईमा स-साना खोलानालाको कारण हुनसक्ने आकस्मिक बहावलाई मध्यनजर गरि जल तथा मौसमजन्य घटनाबाट प्रभावमा पर्न सक्ने क्षेत्रहरूमा पूर्वानुमान तथा पूर्वसूचना जारी गर्ने कार्य समेत गरियो।

विभागले समुदायमा आधारित बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवालाई प्रभावकारी बनाउन अत्याधुनिक जल तथा मौसम स्वचालित उपकरणहरूबाट मोबाइल तथा भूउपग्रह सूचना

प्रणाली मार्फत प्राप्त तथ्यांकहरू, मौसम स्याटलाइट तस्वीरहरू, गणितीय मौसम पूर्वानुमानहरू, बाढी सम्बन्धी विश्वव्यापी, क्षेत्रिय, राष्ट्रिय तथा जलाधार स्तरका प्रारूपहरू प्रयोग गरि आगामी तीन दिनसम्मको बाढी पूर्वानुमान समेटि प्रत्येक दिन बाढी पूर्वानुमान बुलेटिन जारि गर्ने, विपद् व्यवस्थापन निकायहरूमा पूर्व तयारी प्रयोजनका लागि सूचना प्रवाह गर्ने, सामाजिक संजाल तथा अन्य संचार माध्यमहरूमा विषम बाढीजन्य परिस्थितिमा सूचना सम्प्रेषण गर्ने कार्यका साथै बाढी विपद् जोखिमको अवस्था पहिचान गरि समुदायस्तरमा पूर्वसूचना एस्. एम्. एस्. अलर्ट प्रवाह गर्ने कार्यहरू गर्दै आएको छ। यस बाहेक मनसुन अवधिभर बाढी सम्बन्धी जनस्तरको जिज्ञासाहरूको सम्बोधन गर्न टेलिफोन सेवा (टोल फ्रि नं १११५५) समेत संचालनमा ल्याइएको थियो।

यस प्रतिवेदनमा विभागले प्रि मनसुन, मनसुन र पोष्ट मनसुन अवधिमा गरेका बाढी पूर्वानुमान तथा पूर्वसूचना सम्बन्धी जानकारीहरूलाई समेटिएको छ।

२ नेपालमा मनसुनको आगमन तथा बहिर्गमन

यस वर्ष २०७८ जेठ २८ (११ जुन २०२१) गते नेपालको पूर्वी भूभागबाट मनसुनको आगमन (Monsoon Onset) भएको थियो। यस सम्बन्धमा विभागले २०७८।०२।२९ मा प्रेस विज्ञप्ति मार्फत जानकारी गराएको थियो। जेठ २९ गते लुम्बिनी प्रदेश सम्म र जेठ ३० गते सम्ममा नेपालभर मनसुन फैलिएको थियो।

यस वर्ष मनसुनको शुरुवाती अवस्था देखि नै मनसुन सकृय हुन गई देशभर वर्षात् भई अधिकांश स्थानहरूमा औसत वा औसत भन्दा बढी वर्षा मापन भयो।

यस वर्षको मनसुन वि. सं. २०७८ असोज २२ गते नेपालको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशको पश्चिमी भूभागबाट बाहिरिएको थियो भने २०७८ असोज २५ गते (११ अक्टोबर २०२१) देशको समग्र भूभाग वाट मनसुन बाहिरिएको थियो। विभागले २०७८।०६।२५ मा मनसुन बहिर्गमन (Monsoon Withdrawl) सम्बन्धि मनसुन बुलेटिन जारी गरेको थियो।

३ बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा प्रणाली

देशभरका विभिन्न नदीहरूको बाढी अनुगमन तथा पूर्वानुमान गर्न, हिमताल विस्फोट वा अन्य कारणले उत्पन्न हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रवाह गर्न यस विभाग अन्तर्गतको बाढी पूर्वानुमान महाशाखा मनसुनको अवधिभर २४ सै घण्टा संचालन गरिन्छ।

बाढी पूर्वानुमान तथा पूर्वसूचनाको लागि देशभर संचालनमा रहेका जलसतह तथा वर्षामापन (स्वचालित र म्यानुअल) उपकरणहरूबाट प्राप्त तथ्याङ्कहरूका साथै विभिन्न जल मौसम प्रारुपहरूको पूर्वानुमान नतिजाहरूलाई reference को रुपमा प्रयोग गर्ने गरिन्छ। ('अनुसूची ग')

बाढी पूर्वानुमान महाशाखाले मनसुन अवधिभर र अन्य समयमा समेत निरन्तर मौसम प्रणाली एवम् नदीहरूको अनुगमन गरि बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा संचालन गर्दछ। विशेष परिस्थितिमा जलसतह सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान भएमा, भू - स्खलनको कारण हुने बाँध र सोको बिष्फोटनबाट हुने बाढी, हिमताल विष्फोटको जोखिमको अवस्था आएमा भने जुनसुकै समयमा यस शाखाबाट पूर्वसूचना सेवा संचालन गरिन्छ।

जल तथा मौसम जन्य पूर्वसूचनाका लागि विभागले दैनिक मौसम पूर्वानुमान बुलेटिन र बाढी पूर्वानुमान बुलेटिन जारी गर्दछ। त्यसैगरि विशेष मौसम तथा बाढीजन्य प्रणालीको प्रक्षेपण हुँदा विशेष मौसम बुलेटिन र विशेष बाढी अलर्ट तथा बाढी बुलेटिन जारी गर्ने गर्दछ।

३.१ दैनिक मौसम पूर्वानुमान बुलेटिन

मौसम पूर्वानुमान महाशाखाबाट प्रकाशन हुने मौसम पूर्वानुमान बुलेटिनमा देशका विभिन्न भूभागहरूमा हालको मौसम अवस्था तथा आगामी ३ दिनको मौसम पूर्वानुमान र सरोकारवालाका लागि परामर्श दिने गरिन्छ। उक्त बुलेटिन दैनिक २ पटक (बिहान ६ बजे र साँझ ६ बजे) जारी गरिन्छ र जारी भएपछि वेबसाइटमा राखिने तथा सरोकारवालाहरूलाई इमेल मार्फत सम्प्रेषण गर्ने गरिन्छ।

३.२ दैनिक बाढी पूर्वानुमान बुलेटिन

बाढी पूर्वानुमान महाशाखाबाट दैनिक बिहान ७ बजे प्रकाशन हुने बाढी बुलेटिनमा नदीहरूको हालको अवस्था तथा आगामी ३ दिनको बाढी पूर्वानुमान र सरोकारवालाका लागि परामर्श दिने गरिन्छ। सो दैनिक बुलेटिन जारी भएपछि वेबसाइटमा राखिने, सरोकारवालाहरूलाई इमेल मार्फत तथा सर्वसाधारणका लागि सामाजिक संजाल फेसबुक र ट्विटरबाट समेत सम्प्रेषण गरिन्छ।

तीन दिने बाढी पूर्वानुमानमा नदीमा बहाव बढ्दो क्रममा हुने, घट्दो क्रममा हुने वा सामान्य घटबढ हुने भनी पूर्वानुमान गर्ने गरिन्छ। जलपामन केन्द्रहरूमा जलसतह उल्लेख्य वृद्धि

हुने पूर्वानुमान भएमा, जलसतह बढ्न गई सतर्कता तह आसपास पुग्ने, सतर्कता तह पार भई खतरा आसपास पुग्ने तथा खतरा तह पार हुने सम्भावना सम्बन्धि पूर्वानुमानहरू गरिन्छ।

बुलेटिनको दैनिक बाढी पूर्वानुमानलाई विशेषगरि तीन भागमा विभाजन गरिएको हुन्छ। पहिलो भागमा प्रमुख नदीहरू कोशी, कर्णाली, नारायणी र महाकाली तथा यिनका सहायक नदीहरूमा हुने बहावको पूर्वानुमान गरिन्छ। दोस्रो भागमा महाभारत पर्वत श्रृङ्खलाबाट उत्पन्न हुने नदीहरू कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती र बबई नदीमा हुने बहावको पूर्वानुमान गरिन्छ। तेस्रो भागमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने क्षेत्रको विवरण रहन्छ। उक्त बुलेटिन जारी गरिएको दिनको लागि जिल्लागत तथा सोको भोलिपल्ट र पर्सीपल्टको (आगामी २ दिनको) लागि प्रदेशगत आकस्मिक बहाव पूर्वानुमान गरिन्छ। मनसुन अवधिभर प्रकाशन गरिएका ११९ वटा दैनिक बाढी बुलेटिनहरू 'अनुसूची ख' मा राखिएको छ।

३.३ विशेष मनसुन बुलेटिन

कुनै क्षेत्र विशेषमा असामान्य वर्षा हुने पूर्वानुमान भएमा जुनसुकै समयमा मौसम पूर्वानुमान महाशाखाले दैनिक मौसम बुलेटिनका अतिरिक्त विशेष मनसुन बुलेटिन जारी गर्ने गर्दछ। सो बुलेटिन जारी भएपछि वेबसाइटमा राख्ने, सरोकारवालाहरूलाई इमेल पठाउने र फेसबुक तथा ट्विटरमा राख्ने गरिन्छ।


३.४ विशेष बाढी अलर्ट / बाढी बुलेटिन

कुनै क्षेत्र विशेषमा विषम बाढीजन्य गतिविधिहरूको पूर्वानुमान भएमा जुनसुकै समयमा बाढी पूर्वानुमान महाशाखाले दैनिक बाढी बुलेटिनका अतिरिक्त विशेष अलर्ट वा विशेष बाढी बुलेटिन जारी गर्ने गर्दछ। सो अलर्ट / बाढी बुलेटिन जारी भएपछि वेबसाइटमा राख्ने, सरोकारवालाहरूलाई इमेल पठाउने र सामाजिक संजाल फेसबुक तथा ट्विटरमा राख्ने गरिन्छ।

३.५ चौबीस घण्टे बाढी पूर्वसूचना सेवा संचालन

मनसुन अवधिभर देशभरको २०० भन्दा बढी स्वचालित वर्षामापन केन्द्रहरू तथा १०० भन्दा बढी स्वचालित जलसतह मापन केन्द्रहरूको निरन्तर अनुगमन गरिन्छ। विभागबाट विभिन्न नदी आसपासका क्षेत्रहरूमा बाढीको सम्भावना र बाढीको जोखिम पहिचान गरि

नदी जलमापन केन्द्रहरूमा क्रमशः सतर्कता तह र खतरा तह तोकिएको र सोको आधारमा एस्. एम्. एस्. मार्फत तल्लो तटिय क्षेत्रमा पूर्वसूचना संप्रेषण गर्ने गरिएको छ। त्यसैगरि कुनै क्षेत्रको वर्षामापन केन्द्रहरूमा तोकिएको सिमा भन्दा बढी वर्षात भएमा सो क्षेत्र आसपासमा एस्. एम्. एस्. मार्फत पूर्वसूचना दिइने गरिएको छ। यस सन्दर्भमा ठूला नदीहरूमा ८ देखि १० घण्टा, मझौला नदीहरूमा ५ देखि ६ घण्टा र साना नदीहरू र Flash Flood को हकमा १ देखि २ घण्टा पहिले एस्. एम्. एस्. गर्ने गरिएको छ।




चित्र ३-१ : बाढी एस्. एम्. एस्. अलर्ट पठाइने क्षेत्रहरू

एस्. एम्. एस्. मार्फत सरोकारवालाहरू र सर्वसाधारणलाई पूर्वसूचना प्रदान गर्ने कार्यका लागि विभागले हाल २४६ वटा बाढी जोखिमका क्षेत्रहरू (Flood Polygon) (चित्र ३-१) पहिचान गरेको छ। यसका लागि मोबाइल सेवा प्रदायक कम्पनीहरू नेपाल टेलिकम र एन् सेल सँग समझदारी गरि सो क्षेत्रमा रहेका मोबाइल प्रयोगकर्ताहरू तथा अन्य सरोकारवालाहरूलाई एस्. एम्. एस्. मार्फत पुर्वसूचनाहरू सम्प्रेषण गर्ने गरिएको छ। यस अवधिभर पठाइएका एस्. एम्. एस्. हरूको विस्तृत विवरण 'अनुसूची घ' मा राखिएको छ।

विभागबाट मनसुन अवधिभर र विशेष बाढी बुलेटिन / अलर्ट जारी गरिएको अवस्थामा सर्वसाधारणलाई बाढी पूर्वसूचना र जानकारी प्राप्त गर्न, नेपाल टेलिकम र एन् सेल प्रयोगकर्ताहरूको लागि चौबीसै घण्टा निशुल्क (toll free) टेलिफोन (११५५) सेवा संचालन गरि सूचना प्रवाह गर्ने गरिन्छ।

साथै सर्वसाधारणको लागि सहज रुपमा सूचना पुऱ्याउने हेतुले सूचना प्रविधिको लोकप्रिय माध्यमहरू मध्येका सामाजिक सन्जालहरु, नेपाल बाढी सूचना-Nepal Flood Alert (/FlowForecasting) नामको Verified फेसबुक पेज (१८ हजार भन्दा बढी Follower) तथा Nepal Flood Alert! नेपाल बाढी सूचना! (@DHM_FloodEWS) नामको verified ट्विटर (२९.५ हजार भन्दा बढी Follower) मार्फत सूचना प्रवाह गर्ने गरिन्छ।

विभागले जारी गर्ने बाढी पूर्वानुमान तथा पुर्वसूचनाहरू सरोकारवाला निकाय तथा सर्वसाधारण सम्म पुऱ्याउनको लागि चित्र ३-२ बमोजिम सूचना सम्प्रेषण गरिन्छ।



चित्र ३-२ : बाढी पूर्वानुमान तथा पूर्वसूचना संप्रेषण संजाल

४ प्रि-मनसुन प्रणालीहरू

मनसुन प्रणाली शुरु हुनु पूर्व पनि विषम मौसम तथा बाढी सम्बन्धी घटनाहरू बाढी पूर्वानुमान शाखाले नियमित अवलोकन गर्ने गर्दछ। यस वर्ष मनसुन अवधि भन्दा अघि निम्न दुई विशेष मौसम घटनाहरूको अग्रिम जानकारी तथा पूर्व तयारीको लागि सामाजिक संजाल, वेबसाइट तथा सरकारवालालाई इमेल मार्फत सूचना सम्प्रेषण भएको थियो।

४.१ 'Tauk Tae' सामुद्रिक आँधी

(जारी मितिः २०७८।०२।०४ साँझ ८ बजे)

बाढी अलर्टको विवरणः

"Tauk Tae" सामुद्रिक आँधीको प्रभावले नेपालको विशेष गरि पश्चिम भूभागमा हुने वर्षाको कारण सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका पहाडी भूभाग भई बहने स-साना नदीमा वहाव बढ्ने, केहीमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने हुँदा मिति २०७८ जेठ ४ गते अपरान्हदेखि जेठ ७ गते सम्म उक्त स्थानहरूका नदीतटीय क्षेत्रमा हुने गतिविधिमा विशेष सावधानी अपनाउन अनुरोध छ।

बाढी समिक्षाः यस अवधिमा डडेलधुरा, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कालिकोट र आसपासका जिल्लाहरूमा भारी वर्षा हुनुका साथै साना नदीहरूमा बहाव बढेको थियो।

४.२ 'YASS' चक्रवात

(जारी मितिः २०७८।०२।१२ साँझ ५:३० बजे)

बाढी अलर्टको विवरणः

बंगालको खाडीमा विकास भएको "YASS" नामको सामुद्रिक आँधीको प्रभावले हुने वर्षाको कारण नेपालको पूर्वी भूभागबाट शुरु भई पश्चिमतिर विशेषगरि प्रदेश नं. १, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभाग भई वहने स-साना नदीहरूमा बहाव बढ्ने र केहीमा सतर्कता तहसम्म पुग्न सक्ने तथा प्रदेश २ र लुम्बिनी प्रदेशका तराई क्षेत्रका केही साना नदीहरूमा आकस्मिक बाढी समेत आउने सम्भावना रहेको हुँदा २०७८ जेठ १२ गते रातिदेखि जेठ १५ गतेसम्म नदी तटीय क्षेत्र तथा तराईका डुबान हुने होचा स्थानहरूमा उच्च सावधानी अपनाउन हुन अनुरोध छ।

बाढी समिक्षाः यस अवधिमा सप्तरी, सिराहा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी, चितवन र आसपासका जिल्लाहरूमा भारी वर्षा हुनुका साथै साना नदीहरूमा बहाव बढेको थियो।


५ मनसुन अवधिका विशेष बाढी घटनाहरू

यस वर्षको मनसुन अवधिमा विशेषगरि तीन पटक अत्याधिक भारी वर्षा गराउने गरि मनसुन प्रणाली सकृय रुपमा देखा परेको थियो। जसका कारण उल्लेख्य बाढीजन्य घटनाहरू तथा भौतिक तथा मानविय क्षति भयो। असारको शुरुमा, असारको मध्यमा र भदौको मध्यमा देखिएका उक्त प्रणालीहरूको विस्तृत विवरण यस प्रकार छन्।

५.१ जेठ ३१ देखि असार २ सम्मको मौसम प्रणाली

यस प्रणालीका सन्दर्भमा विभागबाट 'विशेष बाढी अलर्ट नं. १', 'विशेष मनसुन बुलेटिन नं. २' र 'विशेष मनसुन बुलेटिन नं. ३' जारी गरिएको थियो।

यस अवधिमा देशभर मापन भएको कुल वर्षाको अवस्था (spatial distribution of cumulative rainfall) चित्र ५-१ मा देखाइएको छ।




चित्र ५-१ : जेठ ३१ बिहान ८:४५ देखि असार ०२ बिहान ८:४५ सम्मको कुल वर्षा

यस अवधिको समग्र वर्षाको अवस्था अध्ययन गर्दा गण्डकी प्रदेशको अधिकांश भूभागमा तथा सूदूरपश्चिम र लुम्बिनी प्रदेशको चुरे तराई क्षेत्रका केही स्थानहरूमा भारी वर्षा भएको देखिन्छ।

मनसुन शुरु भए देखि नै विशेषगरि जेठ ३१ देखि असार २ सम्म नारायणी नदी जलाधारमा अति भारी वर्षा भएको थियो। सामान्यतया कम वर्षा हुने मनाङमा (हुम्दे केन्द्र) असार २ गते एकै दिनमा ८२.२ मि. मि. वर्षा भई मर्स्याङ्दी र यसका सहायक नदीहरूमा बाढी आउँदा ताल गाँउ डुबानमा पर्यो भने अन्य थुप्रै भौतिक पूर्वाधारहरूमा क्षति पुगेको थियो।


असार १ गते मेलम्चीको माथिल्लो तटीय क्षेत्रमा पहिरो गई नदी थुनिएर फुट्दा गेग्रान बहाव (debris flow) भइ मेलम्ची बजारमा ठूलो क्षति भएको थियो। मेलम्ची जलाधार नजिक रहेका बलेफी खोला र लाङटाङ खोलाका साथै भोटेकोशी खोलामा समेत सो समयमा जलसतहमा उल्लेख्य वृद्धी भएको थियो (चित्र ५-२)।

लाङटाङ खोला स्याफ्रुबेसी केन्द्रमा असार १ गते १६:०० देखि तथा भोटेकोशी नदी स्याफ्रुबेसी केन्द्रमा जलसतह असार १ गते १८:३० देखि जलसतहमा उल्लेख्य वृद्धि भएको थियो। त्यसैगरी मेलम्ची खोला नाकोटे केन्द्रमा असार १ गते १८:३० देखि र बलेफी खोला जलविरे केन्द्रमा असार १ गते १९:३० देखि अकस्मात् जलसतह बढ्न गई विभागको स्वचालित उपकरणमा क्षति पुगेको थियो। मेलम्ची बाढीको सन्दर्भमा विभागले असार ३ गते संक्षिप्त विवरण सार्वजनिक गरेको थियो। (अनुसूची: ख)



चित्र ५-२ : जेठ ३१ देखि असार २ सम्मको भोटेकोशी खोला स्याफ्रुबेंसी, मेलम्ची खोला नाकोटे, बलेफी खोला जलवीरे र लाङटाङ खोला स्याफ्रुबेंसी जलमापन केन्द्रको जलसतहको अवस्था

नारायणी नदी देवघाटमा असार १ गते राति ११ बजे यस वर्षकै उच्चतम जलसतह (गेज १०.४६ मि.) मापन भएको थियो। (चित्र ५-३)



चित्र ५-३ : जेठ ३१ देखि असार २ सम्मको नारायणी नदी देवघाट जलमापन केन्द्रको जलसतहको अवस्था

सो क्रममा देखिएका स्थान विशेष घटनाहरू तस्बिर ५-१, ५-२, ५-३, ५-४, ५-५ र ५-६ मा देखाइएको छ।



तस्बिर : निरज थकाली / अनलाइन खबर (२०७८।०२।३१)

तस्बिर ५-१ : मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको लुप्रा खोलामा आएको लेदो सहितको बाढी।



तस्बिर : मनिप गुरुङ /कान्तिपुर (२०७८।०३।०१)

तस्बिर ५-२ : मनाङको तिमाङखोलामा आएको बाढीले बगाउनु अघिको तिमाङखोलाको बेलिब्रिज।



तस्बिर : अंगद ढकाल /कान्तिपुर (२०७८।०३।०२)

तस्बिर ५-३ : बाढीपछिको मेलम्ची बजार



तस्बिर : विकास लम्साल (NDRRMA को मनसुन २०७८ को ६० दिने प्रतिवेदन)

तस्बिर ५-४ : सिन्धुपाल्चोकको मेलम्ची खोलाको शिर भेमाथाङ्गको पहिरो



तस्बिर : विकास श्रेष्ठ / अनलाइन खबर (२०७८।०३।०२)

तस्बिर ५-५ : मेलम्ची बाढीमा फसेकाहरूको हेलिकप्टरबाट उद्दार हुँदै।




तस्बिर : अन्नपुर्ण (२०७८।०३।०२)

तस्बिर ५-६ : लमजुङको दोर्दीखोलाको बाढी।

५.२ असार १४ देखि असार २० सम्मको मौसम प्रणाली

यस प्रणालीका सन्दर्भमा विभागबाट 'विशेष बाढी बुलेटिन नं. १' र 'विशेष मनसुन बुलेटिन नं. ३' जारी गरिएको थियो।


असार १४ देखि असार २० सम्म खासगरि नेपालको पूर्वी भूभागमा भारी वर्षा भई बाढीजन्य घटनाहरू घट्यो। यस अवधिमा देशभर मापन भएको कुल वर्षाको अवस्था (spatial distribution of cumulative rainfall) चित्र ५-४ मा देखाइएको छ।



चित्र ५-४ : असार १४ बिहान ८:४५ देखि असार २० बिहान ८:४५ सम्मको कुल वर्षा

यस अवधिको समग्र वर्षाको अवस्था अध्ययन गर्दा गण्डकी प्रदेश, बागमती प्रदेश र मधेश प्रदेश को अधिकांश भूभागमा तथा प्रदेश १ को तराई क्षेत्रका स्थानहरूमा भारी वर्षा भएको देखिन्छ।

उक्त अवधिमा बागमती, कमला र पूर्वी राप्ती नदीहरूमा जलसतहले खतरा तह पार गरेको थियो। बागमती र पूर्वी राप्तीमा यस वर्षकै उच्चतम जलसतह मापन भएको थियो। बागमती नदी पधेरादोभान जलमापन केन्द्रमा असार १९ गते बिहान ८:३० बजे गेज ७.१७ मि. (अनुमानित बहाव ३४३० क्युमेक) मापन भएको थियो। पूर्वी राप्ती नदी रजैया जलमापन केन्द्रमा असार १८ गते राती १२ बजे गेज ४.८२ मि. (अनुमानित बहाव २५७० क्युमेक) मापन भएको थियो।(चित्र ५-५)



चित्र ५-५ : असार १४ देखि असार २० सम्मको बागमती नदी पधेरादोभान र पूर्वी राप्ती नदी रजैया जलमापन केन्द्रको जलसतहको अवस्था

सो क्रममा देखिएका स्थान विशेष घटनाहरू तस्बिर ५-७, ५-८, ५-९, ५-१० र ५-११ मा देखाइएको छ।



तस्बिर: अनलाइन खबर (२०७८।०३।१८)

तस्बिर ५-७ : हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको निर्माणाधीन पुल भासिएको।



तस्बिर: रमेशकुमार पौडेल/कान्तिपुर (२०७८।०३।१८)

तस्बिर ५-८ : बाढीले जलमग्न चितवन खैरहनीको गाउँ।



तस्बिर: सम्झना/कान्तिपुर (२०७८।०३।१७)

तस्बिर ५-९ : तनहुँको म्याग्दे गाउँपालिका-६ स्थित तुरतुरेमा डुबानमा परेका खेतहरू।



तस्बिर: अनिल ढकाल / अन्नपुर्ण (२०७८।०३।१७)

तस्बिर ५-१० : पूर्वी चितवनको लदरी खोलाले धुसरी पुल बगाएको ।



तस्बिर: अनलाइन खबर (२०७८।०३।२०)


तस्बिर ५-११: सिर्सिया नदीको बाढीले वीरगञ्ज महानगरपालिकाका विभिन्न बस्तीहरू डुबानमा।

५.३ भदौ १० देखि भदौ १५ सम्मको मौसम प्रणाली

यस प्रणालीका सन्दर्भमा विभागबाट 'विशेष मनसुन बुलेटिन नं. ८' र 'विशेष बाढी अलर्ट नं. ३' जारी गरिएको थियो।

भदौ १० र ११ गते नवलपरासी आसपासका क्षेत्रहरूमा अतिभारी वर्षा तथा डुबानको घटनाहरू घटे। भदौ ११ गते २४ घण्टाको वर्षाको मापन अनुसार पूर्वी नवलपरासीको बतासा केन्द्रमा सबैभन्दा बढी ४३४.२ मि. मि.; परासी, बाणगंगा र सेमारीमा ३०० मि. मि. भन्दा बढी तथा सिन्धुलीमाढी, डण्डा, दुम्कौली, भैरहवा र सुर्यपुरा स्थित वर्षामापन केन्द्रहरूमा २०० मि. मि. भन्दा बढी मापन भएको थियो। यस प्रणालीको कारण बर्दघाटमा डुबान भई पूर्व पश्चिम राजमार्ग समेत अवरुद्ध भएको थियो।

यस अवधिमा देशभर मापन भएको कुल वर्षाको अवस्था (spatial distribution of cumulative rainfall) चित्र ५-६ मा देखाइएको छ।



चित्र ५-६ : भदौ १० बिहान ८:४५ देखि भदौ १४ बिहान ८:४५ सम्मको कुल वर्षा

यस अवधिको समग्र वर्षाको अवस्था अध्ययन गर्दा गण्डकी प्रदेशको दक्षिणी भूभाग र लुम्बिनी प्रदेशको पूर्वी भूभागमा अति भारी वर्षा, प्रदेश १, मधेश प्रदेश र बागमती प्रदेशका अधिकांश भूभागमा र लुम्बिनी प्रदेशको बाँकी भूभागमा मध्यम देखि भारी वर्षा भएको देखिन्छ।

यस प्रणालीको असरले कोशी, कर्णाली र महाकाली नदीहरूमा मनसुन अवधि भरकै उच्च जलसतह मापन भएको थियो (चित्र ५-७)। कोशी नदी चतरा जलमापन केन्द्रमा भदौ १३ गते बिहान ११ बजे गेज ५.७५ मि. (अनुमानित बहाव ७९०० क्युमेक) मापन भएको थियो। कर्णाली नदी चिसापानी जलमापन केन्द्रमा भदौ १५ गते बिहान ६:३० बजे गेज ८.९३ मि. (अनुमानित बहाव ६१६० क्युमेक) मापन भएको थियो। महाकाली नदी पारीगाँउ जलमापन केन्द्रमा भदौ १४ गते बिहान ११ बजे गेज ६.७४ मि. मापन भएको थियो।



चित्र ५-७ : भदौ १० देखि भदौ १५ सम्म देशका प्रमुख नदीहरूको जलसतहको अवस्था सो क्रममा देखिएका स्थान विशेष घटनाहरू तस्बिर ५-१२ र ५-१३ मा देखाइएको छ।



तस्बिर: सेतोपाटी (२०७८।०५।१०)

तस्बिर ५-१२ : नवलपरासी र रूपन्देहीका अधिकांश स्थानहरू डुबानमा।



तस्बिर: भवानी प्रसाद पाण्डे / उज्यालो (२०७८।०५।११)

तस्बिर ५-१३ : पूर्वपश्चिम राजमार्गअन्तर्गत रूपन्देहीको देवदहमा रहेको घोडाहा खोलाको पक्की पुल भासिएको।

६ विशेष बाढी अलर्ट तथा बाढी बुलेटिनहरूको समिक्षा

कुनै क्षेत्र विशेषमा विषम मौसम तथा बाढीजन्य गतिविधिहरूको पूर्वानुमान भएमा विशेष बुलेटिनहरू जारी गर्ने गरिन्छ। विभागले मनसुन अवधिभर नौ वटा विशेष मनसुन बुलेटिन (मौसम पूर्वानुमान) र छ वटा विशेष बाढी अलर्ट / बुलेटिन (बाढी पूर्वानुमान) हरू जारी गरेको थियो। पूर्वानुमान भएको अवधिभर सो नदी जलाधारमा वर्षा तथा जलसतहमा भएको परिवर्तनको विश्लेषण गरि पूर्वानुमानको समिक्षा तथा मुल्याङ्कन (६.१ देखि ६.१५ सम्ममा) गरिएको छ।

६.१ विशेष बाढी अलर्ट १

(जारी मितिः २०७८।०२।३१ राति १०:१५ बजे)

प्रकाशित विवरण	विषम वर्षा तथा बाढीको विवरण	पूर्वसूचना गतिविधि	पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
जेठ ३१, राति १०:१५ आज रातिदेखि असार ३ गते सम्म कालीगण्डकी, तिनाउ, पश्चिमराप्ती, बबई, भेरी र यसका सहायक नदीहरू लगायत लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशको चुरे, तराई भई बहने केहि साना नदीहरूमा बहाव बढ्ने, सतर्कता आसपास पुग्न सक्ने, उक्त नदीका तटिय क्षेत्रहरुमा विशेष सावधानी अपनाउन हुन अनुरोध छ।	चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पश्चिम नवलपरासी, रुपन्देही, पाल्पा, कास्की, म्याग्दी, डडेलधुरा र आसपासका जिल्लाहरुमा अति भारी बर्षामापन भएको। नारायणी नदी देवघाटमा जलसतह खतरा तह सम्म तथा बढीगाड नदी रुद्रबेनी र बबई नदी चेपाङमा जलसतह सतर्कता तह सम्म पुगेको। मनाङको हुम्देमा मनसुन भरको जम्मा सरदर २३४ मि. मि. बर्षा हुनेमा असार २ गते एकै दिनमा ८२.२ मि. मि. मापन भएको। ताल गाँउमा डुबान भएको।	२०७८ जेठ ३१ को दैनिक बाढी बुलेटिनमा यस प्रणालीको असरको बारेमा उल्लेख गरिएको। असार १, २ र ३ गते दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको बारेमा क्रमशः उल्लेख गरिएको। जेठ ३१ देखि असार ३ सम्मको अवधिमा बिभिन्न क्षेत्रहरूमा गरि जम्मा ३,८८,०५१ वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	नारायणी र यसका सहायक नदीहरूको बारेमा २४ घण्टा पहिले दैनिक बुलेटिनमा र १२ घण्टा पहिले अलर्ट जारी गरि जलसतह सतर्कता तह सम्म पुग्ने पूर्वानुमान गरिएकोमा खतरा तह सम्म नै जलसतह मापन भएको। सिन्धुपाल्चोक जिल्लामा सामान्य जोखिमको Flash Flood को पूर्वानुमान भएकोमा मेलम्चीनदीमा उच्च जोखिमको बाढी तथा गेग्रान बहाव भई क्षति गरेको। मनाङमा आएको बाढीको स्थान विशेष पूर्वानुमान गर्न नसकिएको।

६.२ विशेष मनसुन बुलेटिन १

(जारी मितिः २०७८/०३/०१ दिउँसो १:०० बजे)

हाल भारतको झारखण्डमा रहेको न्यून चापिय क्षेत्र र मनसुन न्यून चापिय रेखाको प्रभावका कारण मनसुन थप सक्रिय भएको छ । यसका कारण आज दिउसो र राती नेपालका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहनुका साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र बाग्मति प्रदेशको केहि भू-भागमा भारि वर्षा र थोरै स्थानमा धेरै भारि वर्षा हुने सम्भावना रहेको छ।

त्यसैले गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र बाग्मति प्रदेशका पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, नदीनाला तथा खहरे खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ ।

६.३ विशेष मनसुन बुलेटिन २

(जारी मितिः २०७८/०३/०१ बेलुका ९:०० बजे)

हाल पूर्वी उत्तर प्रदेश तथा बिहार आसपास रहेको न्युन चापीय क्षेत्रको प्रभावका कारण देशका धेरै स्थानमा हल्का देखि मध्यम वर्षा भईरहेको छ । गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र बाग्मति प्रदेशको केहि स्थानहरुमा भारी र थोरै स्थानमा धेरै भारी वर्षा समेत भईरहेको छ। उक्त प्रणालीका कारण अझै ४/५ दिन देशभर असर रहि धेरै स्थानमा हल्का देखि मध्यम वर्षाका साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र बाग्मति प्रदेशको केहि स्थानहरुमा भारी वर्षा हुने सम्भावना रहेकोले आवश्यक सहर्कता अपनाउन हुन अनुरोध छ।

६.४ विशेष बाढी बुलेटिन १

(जारी मितिः २०७८।०३।१४ गते साँझ ०८ बजे)

प्रकाशित विवरण	विषम वर्षा तथा बाढीको विवरण	पूर्वसूचना गतिविधि	पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन

२०७८।०३।१६ गते देखि प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका नदीहरूमा जलसतह उल्लेख्य बढ्ने पूर्वानुमान रहेकाले यो विशेष बाढी बुलेटिन जारी गरिएको छ। • सप्तकोशी नदी र यसका सहायक नदीहरू विशेषगरि तमोर, सुनकोशी लगायतका नदीहरूमा बहाव उल्लेख्य बढ्ने र सतर्कता तह आसपास पुग्ने सम्भावना रहेको। • नारायणी नदी र यसका सहायक नदीहरू विशेषगरि त्रिशुली, बुढिगण्डकी, मर्स्याङ्दी तथा यीनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्ने सम्भावना रहेको। • बागमती, कन्काई, कमला र यीनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्ने सम्भावना रहेको। • प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेश भई बहने मध्यतपहाड, चुरे तथा तराईका ससाना खोलाहरूमा अकस्मिक वहाव (flash flood) आउन सक्ने सम्भावना रहेको।	मकवानपुर, सिन्धुली, पश्चिम नवलपरासी, बारा, तनहुँ, सिन्धुपाल्चोक, लमजुङ, गोरखा, ईलाम, झापा, मोरङ र आसपासका जिल्लाहरुमा भारी बर्षामापन भएको। बागमती नदी पधेरादेभान, कमला नदी रानीबास, राप्ती नदी रजैयामा जलसतह खतरा तह सम्म तथा मर्स्याङ्दी नदी बिमलनगर, दरौंदी खोला नयाँसाँघुमा जलसतह सतर्कता तह सम्म पुगेको। कमला नदीमा पुल भासिएको, पूर्वी चितवनमा भारी वर्षा भई लदरी खोलाको पुल बगाएको।	२०७८ असार १४ साँझ ८ बजे विशेष बुलेटिन जारी गरिएको। असार १५ गते देखि २० गते सम्मका दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको बारेमा क्रमशः उल्लेख गरिएको। असार १४ देखि असार २० सम्मको अवधिमा विभिन्न क्षेत्रहरूमा गरि जम्मा १७,२५,९४० वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	विशेष बाढी बुलेटिन तथा दैनिक बाढि बुलेटिनको पूर्वानुमान अनुरुप नै बागमती, कमला, पूर्वी राप्ती लगायतमा बाढीको प्रभावहरू देखिएको। त्रिशुली र बुढीगण्डकी जलाधारको केही स्थानहरूमा भारी वर्षा मापन भएपनि जलसतह सतर्कता तह सम्म नपुगेको।

६.५ विशेष मनसुन बुलेटिन ३

(जारी मितिः २०७८/०३/१५ बिहान ६:०० बजे)

आगामी बुधबारबाट मनसुन न्युन चापीय रेखा नेपालको तराई नजिक रहने हुनाले मनसुन सक्रिय भई देशको प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेशका धेरै स्थानहरुमा साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका केहि स्थानहरूमा भारी /धेरै भारी वर्षाको सम्भावना रहेको छ ।

उक्त प्रदेशहरुको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, नदीनाला तथा खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध छ ।

६.६ विशेष बाढी अलर्ट २

(जारी मितिः २०७८।०३।२२ गते साँझ ९ बजे)

प्रकाशित विवरण	विषम वर्षा तथा बाढीको विवरण	पूर्वसूचना गतिविधि	पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
असार २३ अपरान्हदेखि २५ सम्म नारायणी र यसका सहायक नदीहरू विशेषगरि बुढिगण्डकी, त्रिशुली, मर्स्याङ्दी, कालीगण्डकी लगायतका नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता पार गर्ने सम्भावना छ। यसैगरि सप्तकोशी र यसका सहायक नदीहरू सुनकोशी, भोटेकोशी,	ईलाम, झापा, सप्तरी, तनहुँ, सुर्खेत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), चितवन, मकवानपुर, सिन्धुली, पश्चिम नवलपरासी, बारा, सिन्धुपाल्चोक, लमजुङ, गोरखा, मोरङ र	२०७८ असार २२ साँझ ९ बजे विशेष अलर्ट जारी गरिएको। असार २३ गते देखि २५ गते सम्मका दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको बारेमा क्रमशः	समग्रमा विशेष बुलेटिन तथा दैनिक बुलेटिनको पूर्वानुमान अनुरुप नै प्रभावहरू देखिएको। त्रिशुली, बुढीगण्डकी,

तामाकोशी, दुधकोशी, अरुण, तमोर लगायतका नदीहरूमा बहाव बढ्ने तथा केहीमा सतर्कता तह आसपास पुग्ने तथा तिनाउ, कन्काई, कमला, बागमती र यिनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्रहरू तथा डुबान भइरहने क्षेत्रहरूमा उक्त अवधिभर विशेष सावधानी अपनाउनुहुन अनुरोध छ।	आसपासका जिल्लाहरुमा भारी बर्षामापन भएको। दुधकोशी नदी रबुवाबजार, तमोर नदी माझिटार, तमोर नदी मुलघाट, बडिगाड नदी रुद्रवेणी र तिनाउ नदीमा जलसतह सतर्कता तह सम्म पुगेको।	उल्लेख गरिएको। असार २३ देखि असार २५ सम्मको अवधिमा बिभिन्न क्षेत्रहरूमा गरि जम्मा ४,४०,७८० वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	मर्स्याङ्दी जलाधारको केही स्थानहरूमा भारी वर्षा मापन भएपनि उक्त नदीहरूको जलसतह सतर्कता तह सम्म नपुगेको।

६.७ विशेष मनसुन बुलेटिन ४

(जारी मितिः २०७८/०३/२५ बिहान ८:०० बजे)

मनसुन न्यून चापिय प्रणालीका कारण हाल देशभर मनसुन सक्रिय अवस्थामा रहेको छ। आगामी हप्ता सम्म नै मनसुन सक्रिय भई देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा तथा सबै प्रदेशका केहि-केही स्थानहरुमा भारी वर्षा/ धेरै भारी वर्षाको सम्भावना छ।

देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध छ ।

<u>बाढी समिक्षा:</u> यस अवधिभर विभागको जलमापन केन्द्रहरूमा जलसतह सतर्कता तह सम्म पुगेको मापन नभएको।

६.८ विशेष मनसुन बुलेटिन ५:

(जारी मितिः २०७८/०३/३१ बिहान ११:०० बजे)

हाल देशभर मनसुन सक्रिय अवस्थामा रहेको छ । आगामी मिति २०७८/०४/०२ बाट मिति २०७८/०४/ ०४ सम्म मनसुन न्युन चापीय रेखा नेपालको तराई भू-भाग नजिक आउने तथा बंगालको खाडी / अरबियन सागरबाट जलवाष्प युक्त हावा प्रशस्त मात्रामा आउने सम्भावना रहेकोले देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै सुदूर पश्चिम प्रदेश, कर्णाली प्रदेश तथा लुम्बिनी प्रदेशका केहि स्थानहरुमा र बाकी प्रदेशका थोरै स्थानहरूमा भारी वर्षा/ धेरै भारी वर्षाको सम्भावना समेत रहेकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध छ ।

६.९ विशेष बाढी बुलेटिन २

(जारी मितिः २०७८।०४।०१ गते राती १०: ३० बजे)

प्रकाशित विवरण	विषम वर्षा तथा बाढीको विवरण	पूर्वसूचना गतिविधि	पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
२०७८।०४।०२ गते देखि महाकाली, कर्णाली, गण्डकी र यी नदीहरूका सहायक नदीहरूमा जलसतह उल्लेख्य बढ्ने तथा कोशी र यसका सहायक नदीहरूमा समेत जलसतह बढ्ने पूर्वानुमान रहेकाले यो विशेष बाढी बुलेटिन जारी गरिएको छ। सुदूर पश्चिम, कर्णाली र लुम्बिनी प्रदेश भई बहने विशेषगरि महाकाली, कर्णाली, भेरी, सेती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतका नदीहरू तथा यिनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहिमा सतर्कता तह पार गर्ने पूर्वानुमान रहेको छ। गण्डकी प्रदेश र प्रदेश १ का बिशेषगरि कालीगण्डकी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली,	यस अवधिमा स्याङ्जा, सप्तरी, सिमरा र आसपासका जिल्लाहरुमा भारी बर्षामापन भएको।	२०७८ साउन १ गते राति १० बजे विशेष बाढी बुलेटिन जारी गरिएको। साउन २ गते देखि ५ गते सम्मका दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको	समग्रमा विशेष बाढी बुलेटिन २ को पूर्वानुमान अनुरुप प्रभावहरू नदेखिएको। अपेक्षित रुपमा उल्लेखित नदीहरूमा जलसतह

सुनकोशी, भोटेकोशी, तामाकोशी, अरुण, तमोर लगायतका नदीहरू तथा यिनका सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्ने पूर्वानुमान रहेको छ। बागमती प्रदेशको मध्यपहाडी तथा प्रदेश १, प्रदेश २ को चुरे र तराईका ससाना खोलाहरूमा आकस्मिक वहाव (flash flood) हुन सक्ने पूर्वानुमान रहेको छ। रिउखोला, अरूण खोला, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुटिया, पथरिया, स्याउली, चौधर लगायत गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने नदीहरूमा बहाव बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने पूर्वानुमान रहेको छ।		बारेमा क्रमशः उल्लेख गरिएको। साउन २ गते देखि ५ गते सम्मको अवधिमा बिभिन्न क्षेत्रहरूमा गरि जम्मा ३,६६,२२५ वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	सतर्कता तह आसपास पुगेको मापन नभएको।

६.१०विशेष मनसुन बुलेटिन ६

(जारी मितिः २०७८।०४।१० साँझ ०६:०० बजे)

मिति २०७८/०४/११ बाट बिस्तारै न्यून चापीय रेखा नेपालको तराई भू-भाग नजिक आउने सम्भावना रहेको र सो प्रणालीका कारण देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा हुनुका साथै सोमबार सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षा, मंगलबार राती प्रदेश नं १, बागमती , गण्डकी, कर्णाली र सुदूर पश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ। साथै प्रदेश १ र बागमती प्रदेशका एक वा दुई स्थानमा धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ भने बुधबार देशैभरी धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा भई थोरै स्थानहरुमा भारी/धेरै भारी वर्षाको सम्भावना रहेको हुनाले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

<u>बाढी समीक्षाः</u> यस अवधिभर विभागको जलमापन केन्द्रहरूमा जलसतह सतर्कता तह सम्म पुगेको मापन नभएको।

६.११ विशेष मनसुन बुलेटिन ७

(जारी मितिः २०७८/०४/२५ बेलुका ०८:०० बजे)

मिति २०७८/०४/२७ बाट बिस्तारै मनसुन न्यून चापीय रेखा नेपालको तराई भू-भाग नजिक आउने र सो प्रणालीका कारण देशभरी मनसुन सकृय भई बिहिबार देखि केही दिन धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा हुने सम्भावना रहेको छ।

बिहिबार प्रदेश १, प्रदेश २, बागमती ,गण्डकी र लुम्बिनी प्रदेशका केहि स्थानहरुमा भारी/धेरै भारी वर्षाको सम्भावना रहेको तथा शुक्रबार, शनिबार प्रदेश १, प्रदेश २, बागमती ,गण्डकी र लुम्बिनि प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका केहि स्थानहरुमा भारी/धेरै भारी वर्षाको सम्भावना रहेको हुनाले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

बाढी समीक्षा: यस अवधिभर विभागको जलमापन केन्द्रहरूमा जलसतह सतर्कता तह सम्म पुगेको मापन नभएको।

६.१२ विशेष मनसुन बुलेटिन ८

(जारी मितिः २०७८।०५।०८ साँझ ०६:०० बजे)

नेपालको पूर्वी तराईको भू-भाग नजिक मनसुनको न्यून चापीय रेखा (Monsoon Trough) रहेको कारण विगत एक-दुई दिन अगाडीबाट नेपालमा मनसुन केही सकृय रहेको र भोली मिति २०७८/०५/०९ बुधबार रातीबाट न्यून चापीय रेखा अझ तराई भू-भाग नजिक आउने र केही दिन सम्म सोही क्षेत्रमा रहने सम्भावना रहेको छ। सो प्रणालीका कारण देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा/झरी को सम्भावना रहेको छ। प्रदेश १, प्रदेश २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही र सुदूरपश्चिम तथा कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी/ धेरै भारी वर्षाको सम्भावना रहेको हुनाले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

६.१३ विशेष बाढी अलर्ट ३

(जारी मितिः २०७८।०५।१० साँझ ५ बजे)

प्रकाशित विवरण	विषम वर्षा तथा बाढीको विवरण	पूर्वसूचना गतिविधि	पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
भदौ १० गते राती देखि भदौ ११ गते सम्म नारायणी र यसका सहायक नदीहरुमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने, कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीहरूमा बहाव बढ्ने; मझौला नदीहरु कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबईमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने तथा देशैभरिका मध्यपहाड, चुरे र तराई भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव हुने सम्भावना रहेकोले उक्त अवधिभर तटीय क्षेत्रहरू तथा डुबान भइरहने क्षेत्रहरूमा उच्च सतर्कता अपनाऔँ ।	कपिलबस्तु, नवलपरासी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), रुपन्देही, चितवन, सिन्धुली, बारा, डडेलधुरा र आसपासका जिल्लाहरुमा अति भारी वर्षा मापन भएको। बागमती नदी पधेरादोभान, कमला नदी रानीबासमा जलसतह खतरा तह सम्म तथा नारायणी नदी देवघाट, रिउखोला बनकट्टा, भेरी नदी जामुमा जलसतह सतर्कता तह सम्म पुगेको। भदौ ११ गते बिहानै देखि पूर्व पश्चिम राजमार्गको बुटवल बर्दघाट खण्डमा डुवान भई राजमार्ग अबरुद्ध भएको। नारायणी नदी देवघाट र महाकाली नदी पारीगाँउमा भदौ १४ गते सम्मै बहाव उच्च रही जलसतह सतर्कता तह सम्म पुगेको।	२०७८ भदौ १० गते साँझ ५ बजे विशेष अलर्ट जारी गरिएको। भदौ ११ गते को दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको बारेमा थप उल्लेख गरिएको। भदौ १० गते देखि भदौ ११ गते सम्मको अवधिमा बिभिन्न क्षेत्रहरूमा गरि जम्मा ६,५६,४०० वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	विशेष अलर्ट ३ को पूर्वानुमान अनुरुप नै प्रभावहरू देखिएको।

६.१४विशेष मनसुन बुलेटिन ९

(जारी मितिः २०७८।०५।२१ दिउंसो १२:०० बजे)

उत्तर पश्चिमी बंगालको खांडीमा अवस्थित न्युन चापीय प्रणालीका कारण नेपालमा जलवाष्पयुक्त वायु प्रवेश भए संगै आगामी दुई दिन मनसुन गतिविधि बढ्न सक्ने सम्भावना रहेको छ।

आज राती २०७८/०५/२१ बाट भोली २०७८/०५/२२ सम्म देशका धेरै स्थानमा हल्का देखि मध्यम वर्षा हुने साथै गण्डकी, कर्णाली तथा सुदूर-पश्चिम प्रदेशका थोरै स्थानमा र प्रदेश १, बागमती तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ्ग सहित भारी वर्षाको सम्भावना।

<u>बाढी समीक्षा:</u> यस अवधिभर विभागको जलमापन केन्द्रहरूमा जलसतह सतर्कता तह सम्म पुगेको मापन नभएको।

६.१५ विशेष बाढी अलर्ट ४

(जारी मितिः २०७८।०६।१६ साँझ ७ बजे)

प्रकाशित विवरण	**विषम वर्षा तथा बाढीको विवरण**	**पूर्वसूचना गतिविधि**	**पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन**
आज रातीदेखि कन्काई, कमला, बागमती र यसका सहायक नदीहरू लगायत प्रदेश १, प्रदेश २ र बागमती प्रदेशको चुरे र तराई भई बहने केहि स-साना नदीहरुमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने; असोज १८ गतेको दिउँसो	सर्लाही, झापा र आसपासका जिल्लाहरुमा भारी बर्षामापन भएको।	२०७८ असोज गते १६ साँझ ७ बजे विशेष बाढी बुलेटिन जारी गरिएको। असोज १७ गतेको दैनिक बुलेटिनमा यस प्रणालीको बिकास क्रमको बारेमा क्रमशः उल्लेख गरिएको।	पूर्वानुमान भएको स्थानहरूमा भारी वर्षा भएको। विशेष बाढी अलर्ट ४ को पूर्वानुमान अनुरुप नै कन्काई, कमला,

सम्म उल्लेखित नदीहरुका तटिय क्षेत्रहरू तथा डुबान हुने क्षेत्रहरूमा विशेष सावधानी अपनाउन हुन अनुरोध छ।		असोज १६ गते देखि १७ गते सम्मको अवधिमा बिभिन्न क्षेत्रहरूमा गरि जम्मा ३७,५५८ वटा बाढी एस्. एम्. एस्. सम्प्रेषण गरिएको।	बागमतीमा जलसतह बढेको तथा सतर्कता तह भन्दा तलै रहेको।

७ अन्य बाढी घटनाहरू र सोको दैनिक पूर्वानुमान विश्लेषण

विशेष बाढी बुलेटिन जारी गरिएको अवस्थामा बाहेक नदीहरूमा जलसतह सतर्कता तह पार गर्दाको अवस्थाको तीन दिनको पूर्वानुमान [1] विश्लेषण तालिका ७-१ मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

दुई दिन अघिको पूर्वानुमान	**एक दिन अघिको पूर्वानुमान**	**सोही दिन ७ बजेको पूर्वानुमान**	**सतर्कता / खतरा तह माथिको जलसतह विवरण**	**पूर्वसूचना गतिविधि**	**बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन**
बुलेटिनमा सो सम्बन्धि पूर्वानुमान नसमेटिने।			असार ४ गते राती ११ बजे, तामाकोशी नदीको माथिल्लो तटिय क्षेत्र (चीनको भूभाग) मा नदी थुनिन गएको जानकारी	तल्लो तटिय क्षेत्र (सप्तकोशी नदीको चतरा	

[1] प्रत्येक दिन बिहान ७ बजे आगामी ३ दिनको २४-२४ घण्टाको पूर्वानुमान गरिने भएकाले ७ बजे भन्दा अगाडिको विवरणलाई अघिल्लो दिनको बुलेटिनको आधारमा विश्लेषण गरिएको छ।

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
			जि. प्र. का. दोलखाबाट सूचना जारी गरिएको (अनुसूची ख)	सम्म)मा बाढी एस्. एम्. एस्. संप्रेषण गरि नदी थुनिएको जानकारी गराएको	
सुदूरपश्चिम प्रदेशमा Flash Flood हुने उल्लेख नभएको	सुदूरपश्चिम प्रदेशको केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	डोटी, कैलाली, कंचनपुर जिल्लाका केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	असार ३१ गते बिहान ६:४५ बजे कैलाली स्थित खुटिया खोला मुदिभारमा आकस्मिक बहाव भई जलसतहले खतरा तह पार गरेको उक्त केन्द्रको स्वचालित उपकरण बगाएको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस् संप्रेषण गरिएको	असार ३० को बुलेटिन अनुरुप नै बाढीको प्रभावहरू देखिएको।
बुलेटिनमा सो सम्बन्धि पूर्वानुमान नसमेटिने।			श्रावण १३ गते दिउसो १ बजे गौमुल गा.पा. बाजुरामा बुढीगंगा नदीमा पहिरो गई नदी थुनिन गएको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरि	

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
				नदी थुनिएको जानकारी गराएको	
बागमती प्रदेशको केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	बागमती प्रदेशको केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	कोशी र यसका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने। दोलखा, सिन्धुपाल्चोक जिल्लाका केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	श्रावण १८ गते बिहान ५ बजे सिन्धुली खुर्कोटस्थित सुनकोशी नदीमा जलसतहले सतर्कता तह पार गरेको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	पूर्वानुमान अनुरुप Flash Flood को प्रभावहरू देखिएको।
पश्चिम रापती नदीमा बहाव उल्लेख्य बढ्ने तथा सतर्कता तह तलै रहने।	पश्चिम रापती नदीमा बहाव उल्लेख्य बढ्ने तथा सतर्कता तह तलै रहने।	पश्चिम रापती नदीमा बहाव बढ्ने तथा सतर्कता तह तलै रहने। प्युठान, रोल्पा जिल्लाका केही	श्रावण २८ गते, दिउँसो ३:३० बजे बगासोती स्थित रापती नदी जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	तीन दिने पूर्वानुमान अनुरुप नै प्रभावहरू देखिएको।

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
		स-साना नदीहरूमा Flash Flood हुन सक्ने			
कर्णालीका सहायक नदीहरूमा बहाव बढ्ने। कर्णाली प्रदेशको केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	कर्णालीका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने। कर्णाली प्रदेशको केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	कर्णालीका सहायक नदीहरूमा बहाव बढ्ने। सुर्खेत, सल्यान, जाजरकोट जिल्लाका केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	श्रावण ३१ गते, बिहान ५:३० बजे बर्दिया स्थित बबई नदीको चेपाङ जलमापन केन्द्रमा जलसतह सतर्कता तह पार गरेको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	बबई जलाधारमा पूर्वानुमान अनुरुप Flash Flood हरूका कारण बबई नदीको जलसतह बढ्न गएको।
नारायणी र यसका सहायक	नारायणी र यसका सहायक	नारायणी र यसका सहायक नदीहरूमा बहाव बढ्ने	भदौ १३ गते, दिउँसो ३:३० बजे नारायणी नदी देवघाट जलमापन केन्द्रमा	तल्लो तटिय क्षेत्रमा बाढी एस्.	तीन दिने पूर्वानुमान अनुरुप नै

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
नदीहरूमा बहाव बढ्ने	नदीहरूमा बहाव बढ्ने		जलसतहले सतर्कता तह पार गरेको	एम्. एस्. संप्रेषण गरिएको	प्रभावहरू देखिएको।
महाकाली र यसका सहायक नदीहरूमा बहाव सामान्य रहने	महाकाली र यसका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने	महाकाली र यसका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने	भदौ १४ गते, बिहान ९ बजे महाकाली नदी पारीगाँउ जलमापन केन्द्रमा नदीको जलसतह एक्कासि बढ्न गई सतर्कता तह पार गरेको	दार्चुला, बैतडी, डडेलधुरा र कन्चनपुर जिल्लाका तटीय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	तीन दिने पूर्वानुमानमा नगरिएको बाढीको प्रभावहरू देखिएको।
कर्णालीका सहायक नदीहरूमा बहाव सामान्य रहने	कर्णालीका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने। कर्णाली प्रदेशको	कर्णालीका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने। जाजरकोट जिल्लाका केही स-साना नदीहरूमा	भदौ १५ गते बिहान ५ :३० बजे, भेरी नदी जामु जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	तीन दिने पूर्वानुमानमा नगरिएको बाढीको प्रभावहरू देखिएको।

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
	केही स-साना नदीहरूमा Flash Flood हुन सक्ने	Flash Flood हुन सक्ने।			
बागमतीमा बहाव सामान्य घटबढ हुने	बागमतीमा बहाव बढ्ने	बागमतीमा बहाव सामान्य रहने	भदौ २१ गते, बिहान ५:०० बजे बागमती नदी खोकना स्थित जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको तथा काठमाण्डौ उपत्यकाका नदी तटिय क्षेत्रहरूमा डुबान	बागमतीको तल्लो तटिय क्षेत्रहरूमा भदौ २१ गते बिहान २ बजे देखि नै बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको। भारी वर्षाको अलर्ट सामाजिक	तीन दिने पूर्वानुमानमा नगरिएको बाढीको प्रभावहरू देखिएको।

दुई दिन अघिको पूर्वानुमान	एक दिन अघिको पूर्वानुमान	सोही दिन ७ बजेको पूर्वानुमान	सतर्कता / खतरा तह माथिको जलसतह विवरण	पूर्वसूचना गतिविधि	बाढी पूर्वानुमान विश्लेषण तथा मुल्याङ्कन
				संजालमा राखिएको।	
पश्चिम रास्ती मा बहाव सामान्य घटबढ हुने	पश्चिम रास्ती मा बहाव बढ्ने	पश्चिम रास्ती मा सतर्कता तह पार गर्ने	भदौ २१ गते, बिहान ८:१५ बजे पश्चिम रास्ती नदीको बगासोती जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको	तल्लो तटिय क्षेत्रमा बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको	तीन दिने पूर्वानुमान अनुरुप नै प्रभावहरू देखिएको।

तालिका ७-१ : दैनिक बाढी पूर्वानुमान विश्लेषण

८ प्रमुख नदीहरूको उच्चतम जलसतहको विवरण

नेपालका प्रमुख चार नदीहरूमा विभागले स्थापना गरेका तालिका ८-१ मा उल्लेखित जलमापन केन्द्रहरूमा मापन भएको उच्चतम जलसतह, सतर्कता तह तथा खतरा तह पार गरेको जलसतहको विश्लेषण गर्दा यस वर्ष मनसुन अवधिमा नारायणी नदी देवघाट जलमापन केन्द्रमा एक पटक खतरा तह पार गर्यो भने कोशी नदी चतरा जलमापन केन्द्र, कर्णाली नदी चिसापानी जलमापन केन्द्र र महाकाली नदी पारीगाँउ जलमापन केन्द्रमा खतरा तह माथि जलसतह मापन भएन। पोष्ट मनसुन अवधिमा कर्णाली नदी चिसापानी जलमापन केन्द्र र महाकाली नदी पारीगाँउ जलमापन केन्द्रमा जलसतहले एक एक पटक खतरा तह पार गऱ्यो।

जलमापन केन्द्रको नाम	२०७८ बैशाख १ देखी मंसिर मसान्त सम्म		मनसुन अवधिभर (जेठ २८ देखि असोज २५ सम्म) को उच्चतम जलसतह तथा बहाव	२०७८ बैशाख १ देखी मंसिर मसान्त सम्मको उच्चतम जलसतह तथा बहाव
	सतर्कता तह भन्दा माथिको जलसतह मापन भएको विवरण	खतरा तह भन्दा माथिको जलसतह मापन भएको विवरण		
कोशी नदी, चतरा (सतर्कता तह ६ मि र खतरा तह ७ मि)	<u>१ पटक</u> (कार्तिक २ २२:३० बजे)	-मापन नभएको	गेज ५.७५ मि. (अनुमानित बहाव ७९०० क्युमेक) (भदौ १३ गते ११:०० बजे)	गेज ६.५१ मि. (अनुमानित बहाव ९३९० क्युमेक) (कार्तिक ३ गते १:०० बजे)
नारायणी नदी, देवघाट (सतर्कता तह ७.३ मि र खतरा तह ९ मि)	<u>३ पटक</u> १. (असार १ गते १४:०० बजे) २. (भदौ ११ ११:०० बजे) ३. (भदौ १३ १४:३० बजे)	<u>१ पटक</u> (असार १ गते १८:०० बजे)	गेज १०.४६ मि. (अनुमानित बहाव १६३५० क्युमेक) (असार १ गते २३:०० बजे)	जलसतह गेज १०.४६ मि.
कर्णाली नदी, चिसापानी (सतर्कता तह १० मि र खतरा तह १०.८ मि)	<u>१ पटक</u> (कार्तिक २ ६:३० बजे)	<u>१ पटक</u> (कार्तिक २ ८:३० बजे)	गेज ८.९३ मि. (अनुमानित बहाव ६१६१ क्युमेक) (भदौ १५ गते ६:३० बजे)	गेज १२.९३ मि. (अनुमानित बहाव १५८६० क्युमेक) (कार्तिक २ गते १८:०० बजे)

जलमापन केन्द्रको नाम	२०७८ बैशाख १ देखी मंसिर मसान्त सम्म		मनसुन अवधिभर (जेठ २८ देखि असोज २५ सम्म) को उच्चतम जलसतह तथा बहाव	२०७८ बैशाख १ देखी मंसिर मसान्त सम्मको उच्चतम जलसतह तथा बहाव
	सतर्कता तह भन्दा माथिको जलसतह मापन भएको विवरण	खतरा तह भन्दा माथिको जलसतह मापन भएको विवरण		
महाकाली नदी, पारीगाँउ (सतर्कता तह ५.८ मि र खतरा तह ७ मि)	<u>३ पटक</u> १. (कार्तिक १ २१:०० बजे) २. (भदौ १४ ८:०० बजे) ३. (असार ५ ८:०० बजे)	<u>१ पटक</u> (कार्तिक १ २३:०० बजे)	गेज ६.७४ मि. (भदौ १४ गते ११:०० बजे)	गेज ९.३७ मि. (कार्तिक २ गते १४:३० बजे)

तालिका ८-१ : प्रमुख नदीहरूको यस वर्षको उच्चतम जलसतहको विवरण

प्रमुख नदीहरूको यस वर्षको अनुमानित र विभागले प्रशोधन तथा प्रकाशन गरेको तथ्याङ्क मध्ये हालसम्मकै उच्चतम बहावहरूको तुलनात्मक विवरण यसप्रकार छन। (तालिका ८-२)

जलमापन केन्द्रको नाम	२०७८ बैशाख १ देखी मंसिर मसान्त सम्मको अनुमानित उच्चतम बहाव	हाल सम्म मापन भएको उच्चतम बहाव
कोशी नदी, चतरा	९३९० क्युमेक (२०७८।०५।१३)	१२४०० क्युमेक (२०४१।०६।०१)
नारायणी नदी, देवघाट	१६३५० क्युमेक (२०७८।०३।०१)	१५३०० क्युमेक (२०३१।०४।२१)
कर्णाली नदी, चिसापानी	१५८६० क्युमेक (२०७८।०७।०२)	२१७०० क्युमेक (२०४०।०५।२६) र (२०७१।०४।३०)
महाकाली नदी, पारिगाँउ	जलसतह मात्र मापन हुने गरेको।	

तालिका ८-२ : प्रमुख नदीहरूको यस वर्ष र हालसम्मकै उच्चतम बहावहरूको विवरण

९ पोष्ट-मनसुन बाढी घटनाहरू

यस वर्ष असोज २५ गतेबाट मनसुनको बहिर्गमन पछि पनि असोज ३१ देखी कार्तिक ३ सम्म भएको भारी वर्षा र सोको कारण आएको बाढीले गर्दा विशेषगरि सुदूर पश्चिम, कर्णाली र प्रदेश १ मा जनजीवन प्रभावित भयो। जसका कारण नदी आसपासका बस्तीहरू तथा भित्राउन तयार भएको धानबालीहरूमा क्षति पुग्न गएको थियो। यस सम्बन्धमा विभागले विशेष मौसम बुलेटिन पोष्ट मनसुन नं. १ र नं. २ तथा विशेष बाढी अलर्ट नं. ५ जारी गरेको थियो। सो अवधिमा २४ घण्टे बाढी पूर्वसूचना सेवा तथा टेलिफोन (टोल फ्रि) सेवा समेत संचालन गरिएको थियो। उक्त अवधिमा जारी भएका बुलेटिन तथा अलर्टहरू यस प्रकार छन्।

९.१ विशेष मौसम बुलेटिन पोष्ट मनसुन - १

(जारी मितिः २०७८।०६।२९ साँझ ०६:०० बजे)

हाल भारतको आन्द्र प्रदेश तथा उडिसाको तटीय क्षेत्र आसपास रहेको न्यून चापीय प्रणाली र विकसित हुँदै गरेको पश्चिमी वायु प्रणालीको समिश्रणका कारण भोली शनिवार (२०७८/६/३०) बाट नेपालमा आंशिक देखि सामान्य बदली हुने तथा आइतबार (२०७८/६/३१) देखि केही दिन देशभर सामान्यदेखि पूर्ण बदली भई धेरैजसो स्थानहरूमा हल्का देखि मध्यम वर्षा र केही स्थानहरुमा मेघ गर्जन/चट्यांग/हावाहुरी सहित भारी वर्षाको समेत संभावना रहेको छ। साथै उच्च पहाडी तथा हिमाली भू-भागहरुमा हिमपातको पनि संभावना रहेको छ। तसर्थ सम्पूर्णलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिई सजग रहनु हुन अनुरोध छ। विशेषतः यात्रा तथा कृषि कार्य गर्दा सजक रहनुहोला।

९.२ विशेष मौसम बुलेटिन पोष्ट मनसुन - २

(जारी मितिः २०७८।०६।३१ दिउंसो ०३:०० बजे)

हाल बंगालको खाडिमा र मध्य भारतमा रहेका (उत्तरतिर सर्दै गरेको) न्यून चापिय प्रणालीहरु र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावका कारण केहि दिन नेपालको मौसम प्रभावित हुने देखिन्छ । सोमबार(२०७८-०७-०१) र मंगलबार (२०७८-०७-०२) विशेष गरि लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशहरूका तथा प्रदेश १ (मंगलबार देखि) का धेरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा र केहि स्थानहरुमा मेघ गर्जन/चट्यांग/हावाहुरी सहित भारी वर्षा र बाकी प्रदेशका केही स्थानमा हल्का देखि मध्यम वर्षाको समेत संभावना रहेको

छ। बुधबार (२०७८-०७-०३) प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका धेरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा र थोरै स्थानहरुमा मेघ गर्जन/चट्यांग/हावाहुरी सहित भारी वर्षा र बाकी प्रदेशका केही स्थानमा हल्का देखि मध्यम वर्षाको समेत संभावना रहेको छ।। उच्च पहाडी तथा हिमाली भू-भागहरुमा हिमपातको पनि संभावना रहेको छ। तसर्थ सम्पूर्णलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिई सजग रहनु हुन अनुरोध छ। विशेषतः यात्रा तथा कृषि कार्य गर्दा सजक रहनुहोला।


९.३ विशेष बाढी अलर्ट ५

(जारी मितिः २०७८।०६।३१ साँझ ०६:०० बजे)

असोज ३१ गते राती देखि कार्तिक ३ गते सम्म महाकाली, सेती, भेरी नदी र सुदूरपश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराई भई बहने स-साना नदीहरुमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने; कर्णाली, नारायणी, कोशी, तिनाउ, कन्काई नदी तथा कर्णाली, लुम्बिनी, गण्डकी, बागमती प्रदेश, प्रदेश १ को मध्यपहाड, चुरे र तराई भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकाले उल्लेखित नदीहरुका तटीय क्षेत्रहरूमा उक्त अवधिभर विशेष सावधानी अपनाउनहुन अनुरोध छ।

<u>विशेष बाढी अलर्ट समिक्षाः</u> यस क्रममा महाकाली, कर्णाली, सप्तकोशी, तमोर तथा कन्काई नदीमा यस वर्षकै उच्चतम जलसतह मापन भएको थियो। कोशी नदी चतरा जलमापन केन्द्रमा कार्तिक ३ गते बिहान १ बजे गेज ६.५१ मि. (अनुमानित बहाव ९३९० क्युमेक) मापन भएको थियो। कर्णाली नदी चिसापानी जलमापन केन्द्रमा कार्तिक २ गते साँझ ६ बजे गेज १२.९३ मि. (अनुमानित बहाव १५८६० क्युमेक) मापन भएको थियो। महाकाली नदी पारीगाँउ जलमापन केन्द्रमा कार्तिक २ गते दिउँसो २:३० बजे गेज ९.३७ मि. मापन भएको थियो। विशेष बाढी अलर्ट ५ को पूर्वानुमान अनुरुप नै प्रभावहरू देखिएको।

यस अवधिमा देशभर मापन भएको कुल वर्षाको अवस्था (spatial distribution of cumulative rainfall) चित्र ९-१ मा देखाइएको छ।



चित्र ९-१ : असोज ३१ बिहान ८:४५ देखि कार्तिक ०३ बिहान ८:४५ सम्मको कुल वर्षा

यस अवधिको समग्र वर्षाको अवस्था अध्ययन गर्दा सुदूर पश्चिम प्रदेश र प्रदेश १ को तराई भूभागमा अति भारी वर्षा तथा गण्डकी, लुम्बीनी र कर्णाली प्रदेशको अधिकांश भूभागमा भारी वर्षा भएको देखिन्छ।

सो क्रममा देखिएका घटनाहरू तस्बिर ९-१, ९-२, ९-३ र ९-४ मा देखाइएको छ।



तस्बिरः उन्नती चौधरी, हिमालखबर (२०७८।०७।०२)

तस्बिर ९-१ : महाकाली नदीमा आएको बाढीले डुबानमा परेको धानबाली।




तस्बिरः उन्नती चौधरी, हिमालखबर (२०७८।०७।०२)

तस्बिर ९-२ : महाकाली नदीमा आएको बाढी र कटान भएको सडक।



तस्बिरः नेत्र शाही, गोरखापत्र अनलाईन (२०७८।०७।०२)

तस्बिर ९-३ : तिला गाउँपालिका जुम्लाको सापुल्लीमा क्षेत्रको धानफाँटमा बाढी



तस्बिरः अन्नपूर्ण (२०७८।०७।०३)

तस्बिर ९-४ : डुबानमा परेको इनरुवा सबस्टेसन, सुनसरी।

१० बाढी पूर्वानुमान तथा सूचना प्रवाह सम्प्रेषण विश्लेषण

यस वर्षको बाढी विशेष बुलेटिन समिक्षा गर्दा ६ पटक बुलेटिन तथा अलर्टहरू जारी गरिएकोमा ५ पटक पूर्वानुमान अनुरुपका प्रभावहरू देखिए। विशेष बाढी बुलेटिन जारी भएको बाहेकको अवस्थामा, सतर्कता तह भन्दा माथिको ९ पटक जलसतह मापन भएको अवस्थाको विश्लेषण गर्दा सो क्रममा जारी भएको बाढी पूर्वानुमान मध्ये ६ पटक पूर्वानुमान अनुरुपका प्रभावहरू देखिए।


यस वर्ष प्रि मनसुन, मनसुन र पोष्ट मनसुनमा जम्मा ६७,१३,००१ बाढी एस्. एम्. एस्. संप्रेषण गरिएको थियो। यसको विस्तृत विवरण तालिका १०-१ मा देखाइएको छ।

अवधि	नेपाल टेलिकम	एन् सेल	जम्मा
प्रि मनसुन	८६,१०९	१,७३,२३०	२,५९,३३९
मनसुन	२२,३१,७०३	२७,८३,५६९	५०,१५,२७२
पोष्ट मनसुन	७,५७,२१६	६,८१,१७४	१४,३८,३९०
जम्मा	३०,७५,०२८	३६,३७,९७३	६७,१३,००१

तालिका १०-१ : बाढी एस्. एम्. एस्. अलर्टको संख्यात्मक विवरण

यस वर्ष प्रि मनसुन, मनसुन र पोष्ट मनसुन अवधिभर फेसबुकमा करिब १४ लाख ५८ हजार reach[2] तथा ट्विटरमा करिब १३ लाख ३५ हजार impression[3] पुगेको थियो।

जेठ १ देखि कार्तिक १४ सम्मको "नेपाल बाढी सूचना" सामाजिक संजालको पहुँच र बाढी एस्. एम्. एस्. अलर्ट संप्रेषणको संख्यात्मक विवरण चित्र १०-१ मा देखाइएको छ। सो को विश्लेषणबाट मनसुनमा देखिएका तीन विशेष प्रणाली तथा पोष्ट मनसुन प्रणाली अवधिमा विभागले जारी गरेको बाढी सम्बन्धी सूचनाहरूमा सर्वसाधारण तथा सरोकारवालाहरूको पहुँच तुलनात्मक रुपमा बढी (जम्मा १७० दिन मध्ये २० दिनको अवधिमा ५६ प्रतिशत पहुँच) भएको पाइयो।



चित्र १०-१ : "नेपाल बाढी सूचना" सामाजिक संजालमा सर्वसाधारणको पहुँच र बाढी एस्. एम्. एस्. अलर्ट संप्रेषण गरिएको संख्यात्मक विवरण

यसका साथै बाढी तथा पूर्वसूचनाको जानकारीका लागि यस विभागबाट संचालित टोल फ्रि टेलिफोन ११५५ मा समेत उल्लेख्य फोन आएको थियो। यस वर्ष मात्र ११५५ मा करिब २४००० पटक सरोकारवाला तथा सर्वसाधारणबाट आएको फोन कल मार्फत जिज्ञासा समाधान तथा बाढी पूर्वसूचना र जानकारी दिइएको थियो।

११ निश्कर्ष

यस वर्ष मुख्य रुपमा प्रि मनसुनमा दुई, मनसुनमा तीन र पोष्ट मनसुनमा एउटा प्रणाली गरि जम्मा ६ मौसम प्रणालीको असरले देशैभर बाढीजन्य घटनाहरू तथा सोका कारणले

[2] (नेपाल बाढी सूचना-Nepal Flood Alert) फेसबुक पेजको पोष्ट देख्ने प्रयोगकर्ताको संख्या

[3] प्रयोगकर्ताले 'Nepal Flood Alert! नेपाल बाढी सूचना!' twitter handle को ट्वीट देखेको संख्या

जनधनको क्षति हुन गयो। विभागले यस वर्ष जम्मा १२७ पटक नियमित दैनिक बाढी बुलेटिन, विशेष बाढी बुलेटिन तथा बाढी अलर्ट जारी गरेको थियो। विशेष बाढी बुलेटिन तथा बाढी अलर्ट जारी गरेको अवधि बाहेकमा प्रमुख नदीहरूको जलसतह खतरा तह भन्दा माथि मापन भएन। यस वर्षको विशेष बाढी बुलेटिनको समिक्षा गर्दा जारी भएका बुलेटिनहरू मध्ये करिव ७५ प्रतिशत बुलेटिनहरूमा पूर्वानुमान अनुरुप प्रभावहरू देखियो। विशेष बुलेटिन जारी भएको बाहेकको अवस्थामा, सतर्कता तह भन्दा माथिको जलसतह मापन भएको बाढी पूर्वानुमानको विश्लेषण गर्दा सो क्रममा जारी भएको तीन दिने दैनिक बाढी पूर्वानुमान बुलेटिन मध्ये करिब ६५ प्रतिशत बुलेटिनहरूमा पूर्वानुमान अनुरुप प्रभावहरू देखियो। यस वर्ष सरोकारवाला र सर्वसाधारणको लागि जम्मा ६७,१३,००१ वटा बाढी एस्. एम्. एस्. अलर्ट सम्प्रेषण गरिएको र टोल फ्री टेलिफोन (११५५) मार्फत करिब २४००० वटा जिज्ञासाहरू सम्बोधन गरिएको थियो।

उपलब्ध स्रोत र साधनको अधिकतम् उपयोग गर्दै संचालन गरिएको यस बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा मार्फत प्रदान गरिएको सेवाबाट जल तथा मौसम जन्य बिपद् न्यूनीकरणमा उल्लेख्य योगदान पुऱ्याउन सहयोग गरेको छ। तथापि हाल प्रमुख तथा मझौला नदीहरूमा पूर्वानुमान तथा पूर्वसूचना प्रणाली हुँदा हुदै पनि देशैभरमा सेवा प्रवाहको पहुँच पुग्न नसक्दा यस वर्ष वैशाख १ देखि मङ्सिर मसान्त सम्म बाढी, र अविरल वर्षाका कारण ७८ जनाको मृत्यु (स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको दैनिक विपद् बुलेटिन) भएको थियो।

विभागको भरपुर प्रयासको बावजुद बाढीबाट जनधनको क्षति भइरहेको अवस्थामा बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रणालीलाई समय र स्थान विशेष बनाई थप प्रभावकारी बनाउन अन्य निकाय र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरि बाढीको जोखिम (Risk) न्यूनीकरणको लागि प्रकोप (Hazard), संकटउन्मुख्ता (Vulnerability) र सम्मुखता (Exposure) लाई समेत समेटि प्रभावमा आधारित पूर्वानुमान (Imapact Based Forecasting) गर्न आवश्यक छ। भरपर्दो र विश्वसनीय सूचना सम्प्रेषणको लागि आगामी दिनहरूमा साझा सतर्कता प्रोटोकल (Common Alert Protocol) को विकास र प्रयोग मार्फत सबै प्रकारका संचार माध्यम, सरोकारवाला र आम जनतालाई पूर्वसूचना दिनुपर्ने देखिन्छ।

विभागबाट संचालनमा ल्याइएको यस बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा बाढीको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नका लागि एक प्रभावकारी र लागत प्रभावी विधि रहेको छ। यस सेवालाई थप प्रभावकारी बनाउँदै देशैभर व्यापक जनमानस सम्म पुऱ्याई जल तथा मौसम जन्य विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न समयानुकुल स्रोत र साधनको अभिवृद्धि गर्दै, आधुनिक प्रविधिहरूको उपयोग र प्रारुपहरूको विकास तथा स्तरोन्नती गरि आगामी दिनमा थप विश्वसनीय र भरपर्दो सेवा प्रवाह गरिनुपर्ने देखिन्छ।

अनुसूची कः मनसुन आपतकालिन कार्य योजना

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

मनसुन आपतकालिन कार्ययोजना - २०७८

यस जल तथा मौसम विज्ञान विभागले आगामी मनसुन-२०७८ मा जल तथा मौसम जन्य प्रकोप बाट जनधनको क्षति न्युनिकरण गर्न तयारी गरेको कार्ययोजना निम्नानुसार बुंदागतरुपमा उल्लेख गरिएको छ।

१) सरोकारवालाहरुलाई मौसम पूर्वानुमान, चेतावनि, पूर्वसूचना तथा जानकारिका प्रदान गर्न लागि त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा अवस्थित मौसम पूर्वानुमान महाशाखाको मौसम कक्ष (Met briefing room) विगतमा जस्तै २४ सै घण्टा सेवामा रहनेछ।

२) तीन दिन (७२ घण्टा) सम्मको मौसम पूर्वानुमान, चेतावनि तथा परामर्श लगायतका विवरणहरु समेटेर नियमित रुपमा विहान ६ बजे र बेलुका ६ बजे दैनिक बुलेटिन अपडेट गरिनेछ। मौसमको विशेष अवस्थामा चेतावनि सहितको आकस्मिक मौसम बुलेटिन जारि हुनेछ। आवश्यकता अनुसार विग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ।

३) देशका बाढी प्रभावित बिभिन्न नदी नालाहरुको बाढी अनुगमन तथा पुर्वानुमान गर्न, हिमताल विष्फोट वा अन्यकारणले उत्पन हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रबाह गर्न यस विभाग अन्तर्गतको बाढी पूर्वानुमान महाशाखा अन्तगर्तको पूर्वानुमान शाखा मनसुनको अवधिभर २४ सै घण्टा सूचारु गरिनेछ।

४) बाढी पूर्वानुमान वा पूर्वसुचना सेवा हाल कोभिड महामारीको परिस्थिति वा संवेदनाशीललाई मध्यनजर गरि विभिन्न बैकल्पिक माध्यम र प्रबिधिको उपायहरु अवलम्बन गरि भौतिक रुपमा वा Online प्रणाली मार्फतबाट २४ सै घण्टा सूचारु गरिनेछ।

५) देशका मुख्य नदीहरू कोसी, गण्डकी, कर्णाली, बागमती, बबई र पश्चिम रास्ति लगायतको बाढी पूर्वानुमान ३ दिन अगावै गर्ने गरी विकास गरिएको कम्प्युटर मोडेलको प्रयोग, अन्य नदीको हकमा ग्लोवल मोडेल प्रयोग गरी बाढी पूर्वानुमान गर्ने र मुख्य सरोकारवाला बीच जानकारी गराउने कार्यलाई यस बर्ष पनि निरन्तरता दिईनेछ। बाढी प्रभावित समुदायलाई मास एस.एम.एस. पठाउने कार्य रियल टाईम तथ्याङ्कको आधारमा गरिनेछ।

६) मनसुनको समय भरी हरेक दिन बिहान ७ बजे बाढीको पुर्वानुमान बुलेटिन जारी गरिनेछ। पुर्वानुमानको मान्यावधि कम्तिमा २४ घण्टा सम्मको लागि हुनेछ। विशेष अवस्थामा दिन वा रातको कुनै पनि समयमा बुलेटिन जारी हुनेछ।

७) पूर्वसूचना प्रबाह:

- बाढी र मौसम पूर्वानुमान बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई गराइनेछ।
- जारी भएको बाढी बुलेटिन तत्कालै यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np मा राखिनेछ र मौसम बुलेटिन www.mfd.gov.np मा राखिने छ।
- तत्कालै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सुचिकृत गरेका सबै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपदको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद संपर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाइनेछ।
- जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ।
- त्यसैगरि मौसम बुलेटिन आधिकारिक Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा समेत अपडेट गरिनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा निशुल्क एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।
- मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ २४ सै घण्टा खुल्ला राखिनेछ।
- अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ।
- बाढी र मौसमको बुलेटिन सबै सञ्चारका माध्यमहरुलाई नियमित रुपमा प्रदान गरिनेछ।
- देशभर फैलिएको कोरोनाको महामारीलाई मध्यनजर गरि भिडभाड नगर्न र नगराउन मिडियासंग को अन्तर्वार्तालाई online मार्फत मात्र गरिनेछ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

मनसुन आपतकालिन कार्ययोजना - २०७८

सि नं	क्रियाकलाप	जिम्मेवार विभाग निकाय	सहयोगी निकाय	समय	उपलब्ध स्रोत, साधन, जनशक्ति, प्रदेश एवं जिल्ला	कैफियत
१	**तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान** बिहान ६ बजे र बेलुका ६ बजे बुलेटिन दैनिक रुपमा अपडेट गरिनेछ । विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ । मौसमको विशेष अवस्थामा चेतावनि सहितको आकस्मिक मौसम वुलेटिन जारि हुनेछ। आवश्यकता अनुसार विग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ।	जल तथा मौसम विज्ञान विभाग-मौसम पूर्वानुमान महाशाखा		३ दिन सम्मको		आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकैवेला पनि जारि गरिनेछ
२	**तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान** बाढीको पुर्बानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रुपमा बिहान ७ बजे अपडेट गरिनेछ। विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ ।	जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान महाशाखा (बाढी पूर्वानुमान शाखा)		३ दिन सम्मको		ठुला नदीहरुमा ३ दिन र साना नदीहरुमा १ दिन सम्मको पूर्वानुमान गरिनेछ
३	**बाढी तथा मौसम पूर्वसूचना प्रबाह:** • बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई गराइनेछ। • जारी भएको बुलेटिन तत्कालै यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np र www.mfd.gov.np मा राखिनेछ। • तत्कालै गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय-विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सुचिकृत गरेका सवै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपदको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद संपर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाइनेछ। • जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ तथा मौसम बुलेटिन Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा राखिने छ। • बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ। • देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ। • मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ २४ सै घण्टा खुल्ला राखिनेछ। • अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ। • बाढी र मौमस बुलेटिन सवै सञ्चारका माध्यमहरुलाई नियमित रुपमा प्रदान गरिनेछ। • **देशभर फैलिएको कोरोनाको महामारीलाई मध्यनजर गरि भिडभाड नगर्न र नगराउन मिडियासंग को अन्तर्वार्तालाई online मार्फत मात्र गरिनेछ ।**	जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान शाखा तथा मौसम पूर्वानुमान महाशाखा	गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण , नेपाल टेलिकम, एनसेल, मिडिया लगायत	पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टा भित्र संपुर्ण सरोकारवालाहरु तथा सर्वसाधारणहरुमा प्रवाह भैसक्ने छ		ठुला नदीहरुमा ३ दिन र साना नदीहरुमा १ दिन सम्मको पूर्वानुमान गरिनेछ । आकस्मिक आउने बाढी जस्तै हिमताल विष्फोट जस्ता घट्नामा तत्काल सूचना प्रबाह गरिनेछ।

अनुसूची खः बाढी बुलेटिनहरू

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :
च. नं. :

मितिः २०७८।०२।२९

प्रेस विज्ञप्ति

यस वर्ष नेपालमा मिति २०७८।०२।२८ मा प्रदेश १, प्रदेश २ र बागमती प्रदेशबाट आमगन (Onset) भएको मनसुन हाल लुम्बिनी र गण्डकी प्रदेशसम्म सकिय रहेको अवस्था छ र आगामी एक दुई दिनमै मनसुन देशभर फैलिने सम्भावना रहेको छ।

हावापानी प्रारुपहरुको आधारमा यस वर्ष नेपालमा मनसुनको अवधिमा सदुरपश्चिम, कर्णाली, गण्डकी र बागमती प्रदेशका अधिकांश स्थानहरुमा तथा प्रदेश नं १ को मध्य तथा पश्चिम पहाडी र हिमाली भू-भागहरुमा सरदर भन्दा बढी वर्षा हुने, लुम्बिनी, गण्डकी र बागमती प्रदेशको तराई र प्रदेश नं २ को पश्चिमी भू-भागहरुमा सरदर वर्षा हुने तथा प्रदेश नं १ को तराई र प्रदेश नं २ का पूर्वी जिल्लाहरुमा सरदर भन्दा कम वर्षा हुने आकँलन विभागले यस अघि नै सार्वजनिक गरिसकेको विषयमा समेत ध्यानाकर्षण गराउन चाहन्छु।

मनसुनको आगमनसंग यस वर्ष बाढी तथा पहिरोको जोखिममा बढोत्तरि हुने संभावना रहेको छ। ठुला तथा मझौला नदीहरुमा जल प्रवाह उल्लेख्य बढ्ने, साना नदीनाला तथा खहरे खोलाहरुमा आकस्मिक बहाव भै तराई र चुरे क्षेत्रहरुमा डुबान समेत हुन सक्ने अत्याधिक संभावना रहेकोले मनसुनको अवधिभर आम सर्वसाधारण लगायत सम्पूर्ण सरोकारवाला निकायहरुलाई आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गर्दछु ।

यस विभागको मौसम पूर्वानुमान महाशाखाले मौसमको अवस्था र बाढी पूर्वानुमान महाशाखाले बाढीको अवस्थालाई निरन्तर अनुगमन गरी दैनिक बुलेटिन मार्फत सूचना संप्रेषण गरिरहेको छ। विभागले मौसम र बाढी सम्बन्धी सूचना र बुलेटिन दैनिक रुपमा वेभसाइट (www.mfd.gov.np, www.hydrology.gov.np), सामाजिक संजाल facebook page (dhmweather/Nepal Flood Alert) तथा twitter page (dhm_weather/Nepal Flood Alert) मार्फत संप्रेषण गर्दै आएको व्यहोरा जानकारी गराउँदछु। यसको साथै, विभागले बाढीबाट डुबान हुन सक्ने स्थानहरुमा मोबाईल एस.एम.एस. को माध्यमबाट समेत सूचना संप्रेषण गर्ने गर्दछ। मौसम तथा बाढिको थप सूचना तथा जानकारीका लागि चौबिसै घण्टा संचालन रहने टेलिफोन नं ४११३१९१(मौसम) र टोल फ्रि नं. ११५५(बाढी) मा संपर्कमा रहिरहन आम संचार माध्यम लगायत सबैमा जानकारी गराइन्छ।

.....

सुमन कुमार रेग्मी
प्रवक्ता

बबरमहल, काठमाडौं ☎ ०१४२१९०४२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्स: ०१४२६४२१९, पो.ब.नं. ४०६
ईमेल: info@dhm.gov.np, वेब: www.dhm.gov.np

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०२-२९ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : जेष्ठ-२९ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।

पूर्वानुमान भोलि: जेष्ठ-३० (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाब केहि बढ्न सक्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

पूर्वानुमान पर्सी : जेष्ठ-३१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । पर्सी कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । पर्सी कन्काई, कमला र बागमतीका स-साना नदीजलाधारमा बहाब केहि बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई बहने स-साना नदीमा बहाव बढ्दो हुने र केही स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आज प्रदेश १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं ।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०२-३० गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : जेष्ठ-३० (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब घट्दो हुने, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज प्रदेश २, लुम्बिनी, सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग र बागमती, गण्डकी प्रदेशको मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ।

पूर्वानुमान भोलि: जेष्ठ-३१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ। कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला, बागमती, पूर्वी राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। कमला, बागमती र पूर्वी राप्तीका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश १, २, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।

पूर्वानुमान पर्सी : असार-०१ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ। कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब केहि बढ्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। कन्काई, कमला, बागमती, पश्चिम राप्ती र बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई बहने स-साना नदीमा बहाव बढ्दो हुने र केही स-साना नदीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन प्रमुख तथा मझौला नदीहरु कन्काई, कमला, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई र यसका केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब(Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा सतर्कता अपनाउन हुन अनुरोध छ।
- आज प्रदेश २, लुम्बिनी, सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग र बागमती, गण्डकी प्रदेशको मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ।

(बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ) विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नुहोस। विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नुहोस।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०२-३१ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : जेष्ठ-३१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। नारायणी र महाकाली जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब घट्दो हुने, कमला, बागमती, पूर्वी राप्ती,पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज प्रदेश २ को बारा, पर्सा, रौतहट, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौँ, मकवानपुर, गण्डकी प्रदेशको लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, लुम्बिनी प्रदेशको पारसी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, रुकुम, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब(Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

पूर्वानुमान भोलि: असार-०१ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ। नारायणी र यसका सहायक नदीमा बहाव केहि बढ्ने र केहि स-साना सहायक नदीमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला र यसका सहायक नदीमा बहाब सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश २, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।

पूर्वानुमान पर्सी : असार-०२ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई भई बहने स-साना नदीमा बहाव बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन मझौला नदीहरु कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई र यसका केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब(Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा सतर्कता अपनाउन हुन अनुरोध छ।
- आज प्रदेश २ को बारा, पर्सा, रौतहट, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौँ, मकवानपुर, गण्डकी प्रदेशको लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, लुम्बिनी प्रदेशको पारसी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, रुकुम, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब(Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मितिः २०७८-०३-०१ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार-०१ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी, कर्णाली र महाकाली जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने, कमला, बागमती लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने। पूर्वी राप्ती, पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।
- आज कालिगण्डकी, भेरी र यसका सहायक नदीजलाधार लगायत प्रदेश २ को बारा, पर्सा, रौतहट, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, नवलपुर, लुम्बिनी प्रदेशको पारसी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुने पुर्वानुमान छ।

पूर्वानुमान भोलि: असार-०२ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ। नारायणी, कर्णाली र यसका सहायक नदीमा बहाव केहि बढ्ने र केहि स-साना सहायक नदीमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि पनि कालिगण्डकी, भेरी र यसका सहायक नदीजलाधार लगायत गण्डकी, लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ।

पूर्वानुमान पर्सी : असार-०३ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना नदीजलाधारमा बहाब बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई भई बहने स-साना नदीमा बहाव केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन कालीगण्डकी, तिनाउ, पश्चिम राप्ती, बबई, भेरी र यसका सहायक नदीजलाधार लगायत गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराई भई बहने केहि स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुने पुर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा विशेष सावधानी अपनाउन हुन अनुरोध छ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं।

नोटः पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०३-०२ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार नारायणी र यसका सहायक नदीमा बहाब सतर्कता तह आसपास रहेको छ । हिजो बेलुकी सिन्धुपाल्चोकको जलबिरेस्थित बलेफी खोला जलमापन केन्द्रमा अक्स्मात् जलसतह बढी खतरा तह पार गरेकोमा अहिले जलसतह घट्दो क्रममा रहेको छ ।
कन्काई, कोशी, बागमती, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार-०२ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी, कर्णाली र महाकाली जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने । पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ ।
- आज कालिगण्डकी, भेरी र यसका सहायक नदीजलाधार लगायत बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, नवलपुर, लुम्बिनी प्रदेशको परासी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुने पुर्वानुमान छ ।

पूर्वानुमान भोलि: असार-०३ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि बढ्ने र केहि स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ ।
- भोलि कालिगण्डकी, भेरी र यसका सहायक नदीजलाधार लगायत प्रदेश २, गण्डकी, लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने साना नदीमा बहाव बढ्दो हुने र केहिमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ ।

पूर्वानुमान पर्सी : असार-०४ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने, कमला, बागमती लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने । पश्चिम राप्ती र बबईका केहि स-साना नदीजलाधारमा बहाब बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई भई बहने स-साना नदीमा बहाव केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन पश्चिम राप्ती, बबई, भेरी र यसका सहायक नदीजलाधार लगायत गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराई भई बहने केहि स-साना नदीमा बहाव बढ्दो हुने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा विशेष सावधानी अपनाउन हुन अनुरोध छ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं ।

नोट: पहेलो रङ्गले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्गले उच्च जोखिमको संकेत गर्छ ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०३-०३ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार बदिगाड रुद्राबेनी र सुनकोशी दोलालघाट जलमापन केन्द्रमा जलसतह सतर्कता तह आसपास रहेको छ।
कन्काई, कोशी, बागमती, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार-०३ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली र महाकाली जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- आज कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने। पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्दो हुने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।
- आज बागमती प्रदेशको दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, लुम्बिनी प्रदेशको प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, दैलेख, कालिकोट, हुम्ला, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ।

पूर्वानुमान भोलि: असार-०४ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली र महाकाली र यसका केहि स-साना सहायक नदीमा बहाब बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश १, २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने साना नदीमा बहाव बढ्दो हुने र केहिमा सतर्कता तह पुग्न हुन सक्ने पुर्वानुमान छ।

पूर्वानुमान पर्सी : असार-०५ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती लगायतमा बहाब सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने। पश्चिम राप्ती र बबईका केहि स-साना नदीजलाधारमा बहाब बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई भई बहने स-साना नदीमा बहाव केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ।

सरोकारवालाका लागि परामर्श (Advisory):


- आज बागमती प्रदेशको दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, लुम्बिनी प्रदेशको प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, दैलेख, कालिकोट, हुम्ला, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।


मेलम्ची बाढीको सन्दर्भमा


मेलम्ची जलाधारको शेर्माथाङ्ग वर्षामापन केन्द्रमा मिति २०७८।०२।२९ मा धेरै भारी वर्षामापन भएको र वरपरका अन्य केन्द्रहरूमा हल्का देखि भारी वर्षामापन भएको; मिति २०७८।०२।३० देखि २०७८।०३।०१ सम्मै सो जलाधारमा हल्का देखि मध्यम मात्र वर्षामापन भएको।



चित्र १: मेलम्ची जलाधार र आसपासमा भएको दैनिक वर्षामापन (स्रोतः हावापानी विश्लेषण शाखा)

साथै मिति २०७८ असार ०१ गते उक्त जलाधार क्षेत्रमा मध्यम वर्षा भईरहदा मेलम्चीघ्याङ्ग नजिक पहिरो गई मेलम्ची खोला थुनिएको कारण मेलम्ची खोलाको नाकोटे जलमापन केन्द्रमा करिब एक घण्टा समयाबधिमा जलसतह एक्कासी घटेको र अकस्मात् बढेको हुँदा Landslide Dam Outburst Flood (LDOF) का कारण तल्लो तटिय क्षेत्र मेलम्ची बजारमा जनधनको क्षति हुन गएको।





चित्र २ र ३: शेर्माथाङ्ग स्वचालित वर्षामापन केन्द्र र नाकोटे स्वचालित जलसतहमापन केन्द्रको मापन विवरण

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०३-०४ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, पश्चिम राप्ती, कर्णाली र यसका सहायक नदीमा बहाब बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार-०४ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । कोशी जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र केही स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, ताप्लेजुङ, संखुवासभा, प्रदेश २ को सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, बागमती प्रदेशको दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, लुम्बिनी प्रदेशको पाल्पा, गुल्मी, प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, हुम्ला, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ ।

पूर्वानुमान भोलि: असार-०५ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने, कोशी, नारायणी र यसका केहि स-साना सहायक नदीमा बहाब बढ्ने र केही साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र केहीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ ।
- भोलि प्रदेश १, २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने साना नदीमा बहाव बढ्दो हुने र केहिमा सतर्कता तह पुग्न सक्ने पुर्वानुमान छ ।

पूर्वानुमान पर्सी : असार-०६ (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती लगायतमा बहाब सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने । पश्चिम राप्ती, तिनाउ र बबईका केहि स-साना नदीजलाधारमा बहाब बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, २, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई भई बहने स-साना नदीमा बहाव केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, ताप्लेजुङ, संखुवासभा, प्रदेश २ को सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, बागमती प्रदेशको दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौँ, चितवन, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी, तनहुँ, स्याङ्गजा, लुम्बिनी प्रदेशको पाल्पा, गुल्मी, प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, हुम्ला, सुदूरपश्चिम प्रदेशको कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा सतर्कता अपनाऔ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेर्नौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेर्नौं ।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(District Administration Office)
धरिकोट,दोलखा

०४९-४२११०४
फोन: ०४९-४२११३३

पत्र संख्या: २०७७/०७८
चलानी नं.:

email: dolakhadao@gmail.com

मिति:२०७८।०३।०४

जिल्ला प्रशासन कार्यालय दोलखाको अत्यन्त जरुरी सुचना

नेपाल चीन सीमा क्षेत्रमा रहेको Tingri county को RongXia शहर र सोको आसपासमा भारी वर्षा आएसंगै पहिरो आउदा नदिको प्रवाह रोकिन गएको सुचना प्राप्त हुन आएकोले सोको कारणले कुनैपनि समयमा तामाकोशी नदिमा पानीको मात्रा बढेर बाढी आउन सक्ने हुदा नेपाल-चीन सीमा नजिकको बस्ती लगायत तामाकोशी नदिको तटिय क्षेत्रमा जोखिम सृजना हुन सक्ने संभावना देखिएकोले सो क्षेत्रमा बसोवास गर्नुहुने सम्पुर्ण दिदीवहिनी तथा दाजुभाइहरु सतर्क र सजक रहन एवं कुनै खतराको संकेत प्राप्त हुदा साथ सुरक्षित स्थान तर्फ जान हुन र स्थानीयतहका पदाधिकारी र नजिकको सुरक्षा निकायमा तुरुन्त जानकारी समेत गराउनु हुन अनुरोध गरिन्छ।

मिति २०७८।०३।०४ बेलुका ९।४५ बजे

२०७८/०३/०४
स.प्र.अ.

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७८-०३-०५ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

